# पृथ्वी बुलेटिन

# Prithvi Bulletin

Year 2; Issue 1; Sept. 2017-Feb. 2018

Tribhuvan University
त्रिभुवन विश्वविद्यालय
**Prithvi Narayan Campus**
**पृथ्वीनारायण क्याम्पस**


# पृथ्वीनारायण विश्वविद्यालय बनाउने कुरामा मात्र सीमित

**नयाँ संवैधानिक प्रावधानअनुसार पृथ्वीनारायण क्याम्पस छिट्टै विश्वविद्यालयमा रूपान्तरण हुने पक्का छ ।**

त्रि.वि.-पृ.ना.क्या., भाद्र ५ - पृथ्वीनारायण क्याम्पसलाई विश्वविद्यालयमा रूपान्तरण गर्ने लामो प्रयास विफल भए तापनि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले व्यवस्था गरे अनुरूप पृथ्वीनारायण क्याम्पस प्रदेश नं. ४ को सरकारी स्तरको विश्वविद्यालय बन्ने कुरा मा दुईमत नहोला ।

अहिलेको त्रिवि भनेको उहिलेको केन्द्रीकृत शासन व्यवस्था अनुरूप सरकारी लगानीमा चलेको संस्था हो । नयाँ संविधानको कार्यान्वयनसँगै जस्तो कि हालै सम्पन्न पहिलो र दोस्रो चरणको स्थानीय चुनावपश्चात् गाउँपालिका र नगरपालिकाभित्रका सरकारी विद्यालयहरू त्यहीका स्थानीय सरकारको मातहतमा चल्नेछ भनेर संविधानतः अहिलेकै संसदले गरिसकेको अवस्था हो । अब कल्पना गरौं हालै मात्र घोषित प्रादेशिक र संसदीय चुनावपछि राज्य पूर्णरूपमा केन्द्रीकृत सरकारको मातहतमा भएका विश्वविद्यालयहरू र यिनका अंगहरूको हविगत के होला ? यसको उत्तर हो - संविधानतः सबै कुरोको पुनःसंरचना हुन्छ ।

एक उच्च शिक्षा जानकारका अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएसँगै शासकीय स्वरूपमा व्यापक परिवर्तन आएको छ । यसै सन्दर्भमा प्रादेशिक र संसदीय चुनावपछि उच्च शैक्षिक संस्थाहरू विशेषगरी पृथ्वीनारायण क्याम्पसको सन्दर्भमा यसको भावी स्वरूपका ५ वटा विकल्पहरू हुनेछन् - १) त्रि.वि.को मातहतमा स्वायत्त पृथ्वीनारायण क्याम्पस हुने २) त्रि.वि.को मातहतमा पृथ्वीनारायण डिम्ड विश्वविद्यालय हुने ३) त्रि.वि.बाट अलग भई त्रि.वि.को हैसियत कै केन्द्र सरकारको मातहतमा छुट्टै पृथ्वीनारायण विश्वविद्यालय हुने ४) त्रि.वि.बाट अलग भई निजीस्तर को पृथ्वीनारायण विश्वविद्यालय हुने र ५) त्रि.वि.बाट अलग रही प्रदेश सरकारको मातहतमा छुट्टै पृथ्वीनारायण प्रान्तीय विश्वविद्यालय हुने ।

उच्च शिक्षाबारे प्रादेशिक स्तरमा संवैधानिक व्यवस्था के छ भन्ने प्रश्नको जवाफमा कानूनविद् तथा यस क्याम्पसका कानून विषयका प्राध्यापक हिमराज गिरी ले भन्नुभयो, “प्रदेशको विधायिकाले नेपालको संविधान २०७२ को अनुसूची ६ बमोजिम त्यस क्षेत्रका उच्च शिक्षा, पुस्तकालय, सँग्रहालय लगायतका बारेमा व्यवस्था गर्न पाउने संवैधानिक अधिकारका आधारमा ऐन पारित गर्नेछ ।” पृथ्वीनारायण क्याम्पसलाई कुन मोडलको विश्वविद्यालयमा रूपान्तरण गर्न सकिन्छ भन्ने विषयमा वहाँको सुझाव थियो, “त्रिभुवन विश्वविद्यालय ऐन २०४९ मा परिमार्जन वा संशोधन वा नयाँ कानुनको निर्माण तथा प्रदेशको विधायिकाले बनाएको ऐनबाट नै त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पसहरूको भाग्य र भविष्यको निर्धारण गर्नेछ । यसबाट के स्पष्ट हुन्छ भने पृथ्वीनारायण क्याम्पस प्रदेश सरकारको लगानीमा प्रान्तीय विश्वविद्यालय बन्ने सम्भावना बढी देखिन्छ ।”

“पृथ्वीनारायण विश्वविद्यालय बनाउने कुरामा मात्र सीमित भयो, अब ढिला नगरौं,” यसै क्याम्पसका रसायन शास्त्रका प्राध्यापक डा. अक्कलदेव मिश्रले भन्नुभयो । वहाँले अगाडि भन्नुभयो, “तर नयाँ बन्ने विश्वविद्यालय अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी हुने खालको हुनुपर्छ भन्ने मा चाँहि विवाद नगरौं ।”

यसै सन्दर्भमा यस क्याम्पस अन्तर्गतको विज्ञान तथा प्रविधि अध्ययन संस्थानको एक कार्यक्रममा बोल्दै पोखरा-लेखनाथ महानगरपालिकाका बरिष्ठ अधिकृत ओमराज पौडेलले पृथ्वीनारायण क्याम्पसका प्राध्यापकहरूले नेपालमा संघीयताको अभ्यास गर्ने क्रममा यस प्रदेश नम्बर ४ को उच्च शिक्षाको क्षेत्रमा ठूलो योगदान दिनेछन् भन्नुभयो । “पृथ्वीनारायण क्याम्पसलाई पोखरा-लेखनाथ महानगरपालिकाको पूर्वाधारका रूपमा विश्वविद्यालयको आवश्यकता महसुस गरी यसबारे हाम्रो मातहतमा कसरी राख्न सकिन्छ भनेर बृहत योजना भईरहेको छ,” वहाँले थप्नुभयो ।

# Academic Writing and Journal Management Workshop Held at Dept of Education

TU-PNC, 31 July 2017 – A two-day workshop on “Academic Writing and Journal Management” was held on 30-31 July 2017 at the Department of Education, Prithvi Narayan Campus.

The inauguration session was chaired by Dept Head Khim Raj Subedi and inaugurated by Prof. Dr. Krishna Prasad Gautam, Dean of the Faculty of Education, TU who was invited as chief guest of the program. The program was jointly organized by Martin Chautari, Kathmandu and Department of Education, Prithvi Narayan Campus.

At the inaugural session of the program, Prof. Bishwo Raj Adhikari who is serving as Acting Campus Chief at Prithvi Narayan Campus delivered the inaugural speech. He expressed his happiness over the academic activities undertaken by the Department of Education.

The workshop was facilitated by a team of experts from Kathmandu. They were Dr. Pratoush Onta, Dr. Lok Ranjan Parajuli, Devraj Humagain, Sekhar Parajuli and Devendra Uprety.

There were 30 participants from different institutions like Prithvi Narayan Campus, Pokhara University, Pokhara Academy of Health Sciences and campuses of Tribhuvan University in the western region.

## INSIDE THIS ISSUE


- Becoming a University/1
- BPA and MPA Programs Resumed/2
- A Visit by Prof. Kim of Korean University/2
- Autonomy of Prithvi Narayan Campus/3
- Dr. Chhetri Delivers a Lecture on Jung/4
- ICT Centers Established/5
- Interview with Prof. Dr. Timalsena/6-7
- Proposed Prithvi Narayan University/8-9
- Thesis List Goes Online/10
- List of Retired Staff/11
- Science Exhibition/12

# पृ.ना. क्याम्पसमा जनप्रशासन विषयमा स्नातकोत्तर र स्नातक तहको कक्षा सञ्चालन

त्रि.वि.-पृ.ना.क्या., फागुन ३ – व्यवस्थापन संकायअन्तर्गत जनप्रशासन (Public Administration) विषयका कक्षाहरू पृथ्वीनारायण क्याम्पसमा सञ्चालन गर्नका लागि सम्भाव्यता अध्ययन मिति २०७३ असोज ११ गतेका दिन सम्पन्न भयो ।

सो अध्ययनका लागि त्रिभुवन विश्वविद्यालय जनप्रशासन केन्द्रीय विभाग, कीर्तिपुरबाट विभागीय प्रमुख प्रा.डा. टेकनाथ ढकाल, पूर्व सहायक डीन प्रा.डा. पुरुषोत्तम शर्मा, पूर्व विभागीय प्रमुख प्रा.डा. श्रीकृष्ण श्रेष्ठ र प्रा.डा. गोविन्द ढकालसहितको एक टोलीले तत्कालीन क्याम्पस प्रमुख प्रा.डा. देवेन्द्रबहादुर लामिछाने र सहायक क्याम्पस प्रमुखहरूसँग छलफल गरेको थियो ।

छलफलपछि टोलीले पृथ्वीनारायण क्याम्पसमा जनप्रशासन विषयका स्नातकोत्तर र स्नातक तहका कक्षाहरू सञ्चालन गर्न सकिने सम्भावना रहेको जानकारी गरायो । साथै केन्द्रीय विभागले यसका लागि सक्दो सहयोग गर्ने आश्वासन दिएको थियो ।

तत्पश्चात् क्याम्पस स्थायी समिति र व्यवस्थापन समितिका बीच छलफल गरेर सहमति-पत्रमा हस्ताक्षर गरी सो टोलीलाई हस्तान्तरणसमेत गरिएको थियो ।

लगत्तै सम्भाव्यता अध्ययन गर्नका लागि सहायक डीन विष्णुप्रसाद कोइराला र विभागीय प्रमुख प्रा.डा. टेकनाथ ढकाल क्याम्पसमा आई सम्बन्धित विषयका प्राध्यापकहरू र भौतिक सुविधाहरूका साथै उपयुक्त शैक्षिक वातावरणको समुचित व्यवस्था गर्न सकेमा कक्षाहरू सञ्चालन गर्न सकिन्छ भन्ने राय दिएर वहाँहरू काठमाडौं फर्कनु भएको थियो ।

सम्भाव्यता अध्ययनले दिएको सुझावअनुसार शैक्षिक सत्र २०७३/७४ को MPA कार्यक्रमका लागि नयाँ भर्ना लिई कक्षासमेत सञ्चालन गरिएको छ र शैक्षिक सत्र २०७४/७५ को BPA कार्यक्रम सञ्चालन गर्न नयाँ भर्नाका लागि आवेदन खुला गरिएको छ ।

## कानुन विषयमा समसामयिक सामाजिक महत्वका विषयमा शैक्षिक बहस

त्रि.वि.-पृ.ना.क्या., २०७३ भाद्र ५ – समसामयिक सामाजिक महत्वका विषयमा शैक्षिक बहस चलाउँदै आएको Opinion's Desk को नवौं संस्करण सम्पन्न भयो ।

पृथ्वीनारायण क्याम्पस कानुन सङ्कायअन्तर्गत BALLB का विद्यार्थीहरूको सहभागितामा उक्त कार्यक्रम सम्पन्न भएको हो । "कानुन किन?" भन्ने विषयमा केन्द्रित उक्त कार्यक्रममा वक्ताहरूले आ-आफ्नो तर्क प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा Opinion's Desk का संयोजक तथा अधिवक्ता वीरबल घतानेले कार्यक्रमको उद्देश्यका बारेमा प्रकाश पार्नुभएको थियो । BALLB मा अध्ययनरत प्रदीप अधिकारीले "कानुन किन?" भन्ने विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कानुन सङ्कायका प्रमुख तथा सह-प्राध्यापक हरि प्रसाद सुवेदीले नेपालको समग्र कानुनी शिक्षाको इतिहास र महत्वका बारेमा बोल्नुभएको थियो ।

BALLB मा अध्ययनरत गोविन्द आचार्य सभापति र मिलन सुवेदी सहजकर्ता रहेको उक्त कार्यक्रमका अन्य वक्ताहरूमा सूर्यमोहन आचार्य, इन्द्रप्रसाद भुसाल, सुरेन्द्र अधिकारी र समीर थापा हुनुहुन्थ्यो ।

## शिक्षा विभागद्वारा योग तथा ध्यान शिविरको आयोजना

त्रि.वि.-पृ.ना.क्या., कार्तिक ३ – शिक्षा विभागमा एक-दिने योग तथा ध्यान शिविरको आयोजना गरिएको थियो । उक्त शिविर आचार्य व्यास र आचार्य कुमुदद्वारा सञ्चालन गरिएको थियो भने शिक्षा विभागका शिक्षकहरू सो शिविरमा सहभागी हुनुहुन्थ्यो ।

उक्त शिविर ओशोधरा ध्यान केन्द्र, पार्दीमा बिहान ७ बजे देखि बेलुकी ५ बजेसम्म सञ्चालन गरिएको थियो ।

विभागीय प्रमुख खिमराज सुवेदीका अनुसार यो शिविर तनावमुक्त भई स्वस्थ जीवन जिउनका लागि र शिक्षकहरूको शारीरिक क्रियाकलापमा सुधार ल्याई क्याम्पसको पठनपाठन कार्यमा सहयोगी हुनेछ । साथै वहाँले शिक्षकहरूको पेशागत विकासमा समेत यो शिविर सार्थक हुनेछ भन्ने विचार व्यक्त गर्नुभयो ।

## क्याम्पसमा बगैंचा र सफाइ अभियान

त्रि.वि.-पृ.ना.क्या., भाद्र ८ - पृथ्वीनारायण क्याम्पसमा बगैंचा र सफाई अभियानलाई तीव्र गतिमा अगाडि बढाइएको छ ।

क्याम्पसको मूल गेटदेखि सुरु भई बाटाको दायाँ र बायाँ हुँदै क्याम्पसको प्रशासनिक भवनसम्म बाटो चाक्लो बनाई बगैंचा बनाइएको छ । यो योजना क्याम्पसको आन्तरिक स्रोत र पोखरा लेखनाथ महानगरपालिकाको अनुदानमा सम्पन्न गर्न लागिएको हो ।

क्याम्पसका मुख्य प्रशासक प्रेमलाल बरालका अनुसार बिस्तारै क्याम्पसभित्र सबैतिर बगैंचाको विस्तारलाई तीव्र पारिनेछ ।

त्यसैगरी क्याम्पसभित्रका अनावश्यक झाडीहरू हटाउने कार्यलाई पनि तीव्रताका साथ अगाडि बढाइएको छ । केही समय अगाडि डोजर लगाएर धेरै झाडीहरू हटाइएको थियो ।

# Prof. Kim of Korea University Visits the Campus

TU-PNC, 22 May 2017 – Prof. Jin Han Kim of Korea National Sport University, Seoul, South Korea has visited Dept of Education, Prithvi Narayan Campus.

Welcoming Prof. Kim at the Department of Education, Dept Head Khim Raj Subedi said, "We are honoured to have Prof. Kim at the department". Dept Head Subedi further said that Prof. Kim has shown his interest to work as a volunteer at the department.

According to the source, it is learned that Prof. Kim will be at the Department of Education, PN Campus for an academic year, starting January 2018. He will teach a course for master's students and involved in research activities in the department.

Prof. Kim gave a short presentation on Korean education system. During his presentation, he said that Nepal has great potentiality for developing its economy through good education. He also said that he would give his best to support this country in developmental activities such as by helping the students and faculty of this institution.

Prof. Kim is the Dean of Academic and Students Affairs at Korea National Sport University, Seoul, South Korea. He is also a faculty at the Department of Education who is retiring in August this year and has wished to volunteer in Nepal.

Prof. Kim's presentation was participated by the Coordinator of Master's Evening Programs Cholakant Ojha, Associate Professor of English Dr. Min Pun and the faculty members of the department.



## Dr. Pramod Bhatta: University teachers should be engaged in research activities

TU-PNC, 26 Dec. 2016 – The Dept of Education organized the "Interaction Program on Strengthening Education Research in Nepal: Some Possibilities for the Faculty and Students" on 17 Nov. 2016 under the chairmanship of HoD Khim Raj Subedi.

The interaction program was facilitated by Dr. Pramod Bhatta, a researcher at Martin Chautari, Kathmandu. Martin Chautari is known as a discussion forum for various aspects of Nepali society, culture, politics, media and education.

Speaking at the program, Dr. Bhatta said, "Education research provides an outstanding vision for curriculum leadership and a theoretical road map about how people learn." He further said, "It embraces the rigorous methods appropriate to the questions being asked and also drives the development of new tools and methods."

Dr. Bhatta's presentation was followed by queries raised by the participants. He suggested that university teachers should be engaged in research activities in order to combine teaching and research.

On behalf of the organizer of the program, Dept Head Subedi made a few closing remarks as saying, "We university teachers should think about how research can be integrated in the classroom. Both teaching and research help us develop insight into our field and refine our communication skills." He also expressed his gratitude to the presenter and the participants for making the interaction program a grand success.

The program was attended by faculty members and students who have opted for thesis writing for their master's study.

# पृथ्वीनारायण क्याम्पसको स्वायत्तताका लागि विश्व बैंकको लगानीबारे बहस

त्रि.वि.-पृ.ना.क्या., चैत्र २५ – पृथ्वीनारायण क्याम्पसलाई स्वायत्त बनाउनेसम्बन्धी एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रम लेकसाइडमा रहेको होटल वाराहीमा तत्कालीन क्याम्पस प्रमुख प्रा.डा. देवेन्द्रबहादुर लामिछानेको अध्यक्षतामा र सांसद रवीन्द्र अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न गरिएको थियो ।

कार्यक्रममा पृथ्वीनारायण क्याम्पसका पूर्व क्याम्पस प्रमुखहरू, सहायक क्याम्पस प्रमुखहरू, प्राध्यापक कर्मचारीहरू र विभिन्न दलका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

प्रमुख अतिथिका आसनबाट बोल्दै कास्की जिल्ला ४ नम्बर क्षेत्रका प्रतिनिधि युवा सांसद रवीन्द्र अधिकारीले पोखरा विश्वविद्यालयको जन्म भएदेखि अहिलेसम्म पृथ्वीनारायण क्याम्पसलाई विश्वविद्यालय बनाउने बहस चलिआएको तर बहसले सार्थकता नपाएको बारे गुनासो गर्नुभयो । यसको जिम्मेवारी क्याम्पसकै पदाधिकारी र प्राध्यापकले लिनुपर्ने विचार व्यक्त गर्नुभयो । वहाँले शिक्षा क्षेत्रमा समग्रमा हेर्दा पृथ्वीनारायण क्याम्पस पश्चिमाञ्चल क्षेत्रमा आकर्षणको केन्द्र र प्रसस्त सम्भाव्यता भएतापनि त्यसको सही उपयोग नभएकाले अब आँट गर्नुपर्छ भन्नुभयो ।

अन्तर्क्रियालाई सम्पन्न गर्नका लागि त्रि.वि. उच्च शिक्षा सुधार परियोजनाका संयोजक शंकर भण्डारी र विश्व बैंकका प्रतिनिधि तथा नेपालसम्बन्धी मामलाका निर्देशक प्रा.डा. मोहन आचार्यले सयुक्त रूपमा त्रि.वि.का आंगिक क्याम्पसको स्वायत्तताबारे छलफल गराउनुभएको थियो । त्रि.वि.का आंगिक क्याम्पसलाई स्वायत्त बनाउनेसम्बन्धी त्रिविको व्यवस्थाबारे संयोजक भण्डारीले र विश्व बैंकले नेपालको उच्च शिक्षासम्बन्धी लगानीको व्यवस्था र औचित्यबारे प्रकाश पार्नुभएको थियो ।

निर्देशक आचार्यले विश्व बैंकले नेपालको उच्च शिक्षासम्बन्धी लगानीको व्यवस्था र औचित्यका बारे मा बोल्दै अहिलेको विश्व परिवेशमा उच्च शिक्षालाई गुणस्तरका साथै प्रतिस्पर्धी बनाउनु आवश्यक रहेको विचार व्यक्त गर्नुभयो । सोका लागि विश्व बैंकसँग नेपाल सरकारले उच्च शिक्षा परियोजनाका लागि हस्ताक्षर गरेको जानकारी दिनुभयो । वहाँले प्रत्येक वर्ष विश्व बैंकको बजेटको करिब १७ प्रतिशतमात्र यस क्षेत्रमा लगानी भएको र बाँकी ८३ प्रतिशत फ्रीज भई अरबौं रूपैयाँ फिर्ता गई खेर जाने गरेको आँकडा समेत दिनुभयो ।

अर्का वक्ता त्रि.वि. परियोजनाका संयोजक भण्डारीले त्रि.वि.का आंगिक क्याम्पसलाई स्वायत्त बनाउनेसम्बन्धी त्रिविको व्यवस्थाबारे बोल्दै आंगिक क्याम्पसहरू स्वायत्ततामा नगए उच्च शिक्षालाई प्रभावकारी र प्रतिस्पर्धी बनाउन नसकिने बताउनुभयो । वहाँले स्वायत्ततामा जान थुप्रै चुनौतीहरू भए पनि त्यसलाई बहसमा ल्याउनुपर्ने कुरा व्यक्त गर्नु भयो । वहाँले त्रि.वि.का पदाधिकारीसहितको अर्को अन्तर्क्रिया छिट्टै गरिने जानकारीसमेत दिनुभयो ।

मन्तव्य व्यक्त गर्ने दलका प्रथिनिधिहरूमा नेपाली कांग्रेसका विजयराज आचार्य, माओवादी केन्द्रका दीपक कोइराला, र विप्लव माओवादीका जगन तिवारी हुनुहुन्थ्यो ।

पृथ्वीनारायण क्याम्पसलाई स्वायत्त बनाउने सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा यस क्याम्पसलाई विश्वविद्यालयमा रूपान्तरण गर्नुपर्ने कुरामा समेत बहस भएको थियो ।

कार्यक्रमको समापन गर्दै कार्यक्रमका अध्यक्ष तथा तत्कालीन क्याम्पस प्रमुख लामिछानेले चुनौतीका वाबजुद क्याम्पसलाई स्वायत्त बनाउदै विश्वविद्यालयमा परिवर्तन गर्नुपर्ने भनाइ राख्नुभयो ।

त्यसैगरी, मन्तव्य दिने प्राध्यापकहरूमा प्रा.डा. दिलबहादुर क्षत्री, प्रा.डा. पशुपतिनाथ तिमल्सेना, प्रा.डा. वेदनाथ शर्मा, प्रा. राजेन्द्र तिवारी, कमल पौडेल, हुतराज शर्मा, बाबुराम पौडेल, दीपेन्द्र पराजुली, परशुराम कोइराला, यादवराज उपाध्याय, कालिदास शर्मा र वीरबहादुर कार्की हुनुहुन्थ्यो ।

कार्यक्रमको सञ्चालन सहायक क्याम्पस प्रमुख नन्दलाल अधिकारीले गर्नुभएको थियो ।

# थप कक्षाकोठाका लागि नयाँ भवनको निर्माणकार्य सुरु

त्रि.वि.-पृ.ना.क्या., भाद्र ५ - पृथ्वीनारायण क्याम्पसमा नयाँ कार्यक्रमहरू थपिँदै गएकाले थप कक्षाकोठाहरूको आवश्यकता पूरा गर्न नयाँ भवन निर्माणकार्य यही २०७४ श्रावण १६ गते विधिवत् रूपमा सुरु भएको छ ।

सामान्य प्रशासन प्रमुख केदारनाथ अधिकारीका अनुसार, क्याम्पसको आन्तरिक स्रोत, राष्ट्रिय पुनर्निर्माण कोष र त्रि.वि. उच्च शिक्षा सुधार तथा कार्यान्वयन परियोजनाको लगानीमा सो भवन निर्माण गर्न लागिएको हो । "भ्याटबाहेक २ करोड ७८ लाख ६६ हजार २ सय २५ रूपैयाँ ९८ पैसाको लागतमा भवन निर्माणकार्य सम्पन्न हुनेछ," वहाँले थप्नुभयो ।

क्याम्पस सूत्रका अनुसार, सो भवन ६ वटा कोठाहरू भएको १ तलाको हुनेछ र १ वर्षभित्र सम्पन्न गरिसक्नुपर्ने सम्झौता निर्माण कम्पनीसँग भएको छ । आवश्यकता अनुसार थप तलाहरूको निर्माणकार्य पनि यो सम्झौता अनुसारको निर्माणकार्य सम्पन्न भएपछि थालनी गरिनेछ ।

भवननिर्माणको ठेक्का मालेपाटन, पोखरामा रहेको ऐना निर्माण सेवा कम्पनी प्रा. लि.ले जिम्मा लिएको छ भने निर्माणस्थल डिग्री भवनबाट उत्तर-पूर्वी र भीमढुँगाबाट पूर्वी मोहडामा रहेको छ ।

सो भवनका कक्षाकोठाहरू हालसालै थपिएका जनप्रशासन विषयका कार्यक्रमहरू जस्तै MPA र BPA का कक्षाहरू सञ्चालन गरिनेछन् ।

# अंग्रेजी विभागमा 'जंगबहादुरको बेलायत-यात्रा' सम्बन्धी अन्तरविभागीय अन्तर्क्रिया

त्रि.वि.-पृ.ना.क्या., पुस १२ – पृथ्वीनारायण क्याम्पसअन्तर्गत अंग्रेजी विभागले २०७३ साल पुस ५ गते 'जंगबहादुरको बेलायत-यात्रा' नामक पुस्तकबारे अन्तरविभागीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

सो अन्तर्क्रिया यसै क्याम्पसअन्तर्गत इतिहास तथा संस्कृति विभागका प्रमुख प्रा.डा. डिलबहादुर क्षत्रीको प्रमुख आतिथ्यतामा भएको थियो । प्रा.डा. क्षत्री पूर्व क्याम्पस प्रमुखसमेत हुनुहुन्छ ।

प्रा.डा. क्षत्रीलाई सो पुस्तकबारे समीक्षा गर्नका लागि प्रमुख वक्ताका रूपमा अंग्रेजी विभागका सह-प्राध्यापक डा. मीन पुनको अनुरोधमा आमन्त्रित गरिएको थियो । जंगबहादुरको जीवनीबारे बोल्दै वहाँले सन् १९५०को सुरुवातमा जंगबहादुरको बेलायतयात्रासम्बन्धी नेपाली भाषामा लेखिएको यात्राविवरणलाई कमल दीक्षितद्वारा सम्पादित पुस्तकबारे व्याख्या गर्नुभएको थियो ।

वहाँले जंगबहादुर राणा एक बहुआयामिक, प्रतिभाशाली, दूरदर्शी राजनितिज्ञ, राष्ट्रवादी शासक, र वैदेशिक नीतिका सक्षम व्यक्तित्व भएको विचार व्यक्त गर्नुभयो । वहाँले अगाडि भन्नुभयो - "जंगबहादुरको बेलायतयात्राले नेपाललाई सार्वभौम राष्ट्का रूपमा जोगाई राख्नमा मद्दत पुर्‍याएको र नेपाललाई पश्चिमा देशसँग परिचित गराउन सफल गरायो ।"

नेपाली भाषामा लेखिएको 'जंगबहादुरको बेलायत-यात्रा' नामक पुस्तकलाई बेलायती लेखक जोन ह्वेल्टनले अंग्रेजी भाषामा अनुवाद गर्नुभएको हो । यसको शीर्षक *Jang Bahadur in Europe* राखिएको छ ।

अंग्रेजीमा अनुदित *Jang Bahadur in Europe* पुस्तक अंग्रेजी विभागको एम.ए. दोस्रो वर्षको पाठ्यक्रममा नवौं पत्रका रूपमा Nepal Studies विषयअन्तर्गत समावेश गरी पठनपाठन गराइँदै आइएको छ । सो पुस्तक सोही विभागका सह-प्राध्यापक डा. मीन पुनले प्राध्यापन गर्दै आउनुभएको छ ।

डा. मीन पुनले यसै सन्दर्भमा भन्नुभयो - 'जंगबहादुर को बेलायत-यात्रा' को नेपाली भाषाको पुस्तकबारे सोही विषयका ज्ञाता प्रा.डा. क्षत्रीसँग बहस गर्दा विद्यार्थीहरुलाई अंग्रेजी भाषामा अनुवाद गरिएको पुस्तकलाई तुलनात्मक अध्ययन गर्न फाइदा हुनेछ । र प्रा.डा. क्षत्रीसँगको बहसले अन्तरविभागीय अन्तर्क्रिया हुनका साथै विश्वविद्यालयमा अन्तरविधासम्बन्धी अभ्यासको नमुना प्रस्तुत गरेको छ ।

सो अन्तर्क्रिया कार्यक्रममा अंग्रेजी विभागमा अध्ययनरत एम.ए. दोस्रो वर्षका विद्याथीहरू र इतिहास तथा संस्कृति विभागमा अध्ययनरत एम.ए. प्रथम वर्षका विद्याथीहरूको सहभागिता रहेको थियो ।

# विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा ३-दिने "वैज्ञानिक अनुसन्धान तथा ई-लर्निङ कार्यशाला गोष्ठी" सम्पन्न

त्रि.वि.-पृ.ना.क्या., जेष्ठ १२ – पृथ्वीनारायण क्याम्पस अन्तर्गतको विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा "वैज्ञानिक अनुसन्धान तथा ई-लर्निङ कार्यशाला गोष्ठी" सम्पन्न भयो । गोष्ठी ३ दिनसम्म चलेको थियो ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थानका सहायक क्याम्पस प्रमुख नन्दलाल अधिकारी र पोखरा-लेखनाथ महानगरपालिकाका बरिष्ठ अधिकृत ओमराज पौडेल ले संयुक्त रूपमा गमलाको बिरुवामा पानी हाली सो कार्यशाला गोष्ठीको समुद्घाटन गर्नुभएको थियो ।

उद्घाटन सत्रको अध्यक्षता प्रा.डा. अक्कल देव मिश्रले गर्नु भएको थियो भने प्रा.डा. चन्द्रबहादुर थापाले स्वागत मन्तव्य दिनु भएको थियो । कार्यक्रमको सञ्चालन डा. रामजीबन यादवले गर्नुभएको थियो ।

प्रमुख अतिथिको आसनबाट बोल्दै सहायक क्याम्पस प्रमुख अधिकारीले की-नोट दिने क्रममा यो तीन-दिने गोष्ठीले अध्ययन संस्थानमा अध्यापन गर्ने प्राध्यापकहरु र अध्ययन गर्ने विद्यार्थीहरुमा आमूल परिवर्तन ल्याउने विचार व्यक्त गर्नुभयो । वहाँले यस्ता कार्यक्रमले शिक्षा क्षेत्रमा पृथ्वीनारायण क्याम्पस पश्चिमाञ्चल क्षेत्रमा आकर्षणको ठलो हुनेछ भन्नुभयो ।

शुभकामना मन्तव्य दिदै पोखरा-लेखनाथ महानगर पालिकाका बरिष्ठ अधिकृत पौडेलले पृथ्वीनारायण क्याम्पसका प्राध्यापकहरुले नेपालमा संघीयताको अभ्यास गर्ने क्रममा यस प्रदेश नं. ४ को उच्च शिक्षाको क्षेत्रमा ठूलो योगदान दिनेछ भन्नुभयो ।

"पृथ्वीनारायण क्याम्पसलाई पोखरा-लेखनाथ महानगर पालिकाको पूर्वाधारका रूपमा विश्वविद्यालयमा परिवर्तन गर्नुपर्ने महसुस गरी यसबारे बृहत योजना भइरहेको छ," वहाँले थप्नुभयो ।

त्यसैगरी, स्वागत मन्तव्य दिने क्रममा प्रा.डा. चन्द्रबहादुर थापाले अनुसन्धान विश्वविद्यालयको आत्मा भएको धारणा व्यक्त गर्नुभयो र भन्नुभयो, "नयाँ पाठ्यक्रम पढाउनका लागि प्राध्यापकहरु आफूलाई परिष्कृत गर्दै प्रतिष्पर्धी बनाउनुपर्छ ।"

त्यसैगरी, शुभकामना मन्तव्य दिने प्राध्यापकहरुमा प्रा.डा. वेदनाथ शर्मा, सह-प्रा. रामगोपाल ढेवाजू र सह-प्रा. हुतराज शर्मा पनि हुनुहुन्थ्यो ।

उद्घाटन सत्रको समापन गर्दै सो गोष्ठीका अध्यक्षसमेत रहेका सो सत्रका सभाध्यक्ष प्रा.डा. मिश्रले पृथ्वीनारायण क्याम्पसलाई विश्वविद्यालयमा परिवर्तन गरी यस संघीय क्षेत्रको शैक्षिक उत्कृष्टताको केन्द्र बनाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

सो उद्घाटन सत्रपश्चात् सोही अध्ययन संस्थानका प्राध्यापकहरु डा. अक्कलदेव मिश्र, डा. विकासकुमार केसी र डा. रामजीवन यादवले वैज्ञानिक अनुसन्धान र ई-लर्निङसम्बन्धी छुट्टाछुट्टै कार्यपत्रमा प्रस्तुति दिनुभएको थियो ।

गोष्ठीको दोस्रो दिन काठमाण्डौं विश्वविद्यालयका उप-प्राध्यापक पदमराज पन्तले ई-लर्निङसम्बन्धी कार्यशाला सञ्चालन गर्नु भएको थियो भने गोष्ठीको तेस्रो दिन प्राज्ञिक लेखनसम्बन्धी सामुहिक छलफल भएको थियो ।

पृथ्वीनारायण क्याम्पस अन्तर्गतको विज्ञान तथा प्रविधि अध्ययन संस्थानले गोष्ठीको आयोजना गरेको थियो भने गोष्ठी सञ्चालनका लागि नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट), पृथ्वीनारायण क्याम्पस प्रशासन र सोही अध्ययन संस्थानका सह-प्राध्यापक. रामगोपाल ढेवाजूबाट संयुक्त रूपमा आर्थिक सहयोग भएको थियो ।

गोष्ठीमा विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका करिब ६० जना प्राध्यापकहरुको सहभागीता रहेको थियो ।

# Prof. Gaudel's Book on Macroeconomics Published

TU-PNC, 15 April 2017 – Dr. Yadav Prasad Sharma Gaudel has recently published his book entitled "Basic Macroeconomics". The book is published by Ekta Books, Kathmandu.

The book is based on the curriculum of BBA prescribed by Tribhuvan University and Pokhara University, and is designed to provide comprehensive knowledge for Bachelor level students with basic understanding of macroeconomic theories.




According to the author, the book covers the overall contents of the curriculum developed by the universities, mentioning them with illustrations. He further said, "An important feature of this book is that it has kept in view of the case study with application mostly in the context of Nepali economy."

The book is divided into 7 units, each covering different aspects of macroeconomics based on recently revised and updated curriculum of BBA course of Tribhuvan University and Pokhara University. It introduces basic models of macroeconomics and illustrates principles with the experience of the Nepali as well as foreign economies.

The book is now available at major book stores in Nepal and its paperback edition costs 395 rupees.

## गुणात्मक अनुसन्धानविधिसम्बन्धी कार्यशाला सञ्चालन

त्रि.वि.-पृ.ना.क्या., असार ९ – पृथ्वीनारायण क्याम्पसअन्तर्गत शिक्षा विभागद्वारा विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा गुणात्मक अनुसन्धानविधि सम्बन्धी ६-दिने कार्यशाला सम्पन्न भयो ।

कार्यशालाको औपचारिक उद्घाटन क्याम्पसका सहायक क्याम्पस प्रमुख नन्दलाल अधिकारीले गर्नुभएको थियो । त्यसैगरी एम.एड. कार्यक्रमका संयोजक चोलाकान्त ओझा र सहायक क्याम्पस प्रमुख प्राध्यापक दीपकचन्द्र वाग्लेले कार्यक्रमको सफलताका लागि शुभकामना मन्तव्य दिनुभएको थियो ।

उद्घाटन सत्रमा स्वागत मन्तव्य विभागकी सदस्य शकुन्तला पंगेनीले गर्नुभएको थियो भने कार्यक्रमको अध्यक्षता विभागका विभागीय प्रमुख खिमराज सुवेदीले गर्नुभएको थियो ।

सो कार्यक्रममा शिक्षाविद् मनप्रसाद वाग्ले, पेशल खनाल र लेखनाथ भट्टराईले गुणात्मक अनुसन्धान सम्बन्धी विविध विषयमा तालिम दिनुभएको थियो ।

शिक्षा विभागका सम्पूर्ण प्राध्यापकहरूको सहभागीता रहेको उक्त कार्यशाला असार १४ गते सम्पन्न भएको थियो ।

# ICT Centre Set Up at the Faculty of Education, TU-PNC

TU-PNC, 7 September 2016 – One more ICT centre has been added to the list of facilities provided for the use of students. The newly set up centre will be used by the faculty and students of the Faculty of Education, Prithvi Narayan Campus, it is learnt.

According to the Assistant Campus Chief Prof. Deepak Chandra Wagle, the centre is funded by the Faculty of Education, Tribhuvan University, Kirtipur and the amount provided by the Faculty is 6,19,000 rupees.

"The ICT Centre at the Faculty of Education, Prithvi Narayan Campus was set up to impart the knowledge on computing and information technology for undergraduate and graduate students of education. The centre will meet the challenges in rapidly growing computer based communication system of the 21st century," Prof. Wagle said.

Prof. Wagle further said that the centre will facilitate students to acquire computer literacy and strengthen their area of study for better career opportunities through the use of technology.

The ICT Centre at the Faculty of Education in Prithvi Narayan Campus will be used by the bachelor's and master's students who are studying at the Faculty of Education.

The campus has already set up 3 ICT centres in different locations: in the library, in the BBA block and in Research Cell. These centres including this new one will have more than 150 computers in use for students as well as the faculty members of the campus.

## क्याम्पसको सम्पूर्ण काम डिजिटल प्रविधिबाट गर्न सफ्टवेयर जडान गर्ने कार्य सम्पन्न

त्रि.वि.-पृ.ना.क्या., भाद्र ७ - पृथ्वीनारायण क्याम्पसको सम्पूर्ण कार्यलाई कम्प्युटराइज्ड सिस्टमबाट गरिने योजना अनुरूप यससम्बन्धी सफ्टवेयरहरू जडान गरिसकिएको जानकारी क्याम्पस सूत्रबाट पाइएको छ । सो डिजिटल प्रविधि जडान गर्न गत साल टेण्डर प्रक्रियाबाट सफ्ट टेक कम्पनीलाई जिम्मा दिइएको थियो ।

यसबारेमा जानकारीका लागि प्रश्न गर्दा, निमित्त क्याम्पस प्रमुख प्रा. विश्वराज अधिकारीले भन्नुभयो, "हामी नयाँ प्रविधिको युगमा प्रवेश गरिसक्यौं । काम छिटो-छरितो र सूचनाको आदान-प्रदान चुस्त होस् भनेर नै नयाँ प्रविधि अँगाले का हौं । हामीलाई विश्वास छ क्याम्पसमा नयाँ प्रविधिको प्रयोगले शिक्षाको सुधार गर्नमा टेवा मिल्नेछ ।"

थप जानकारी दिदै आर्थिक प्रशासनका प्रमुख चिरञ्जीवी प्रसाद थपलियाले भन्नुभयो, "हामी क्याम्पसका सबै काम कम्प्युटर प्रविधिबाट गर्ने अवस्थामा पुगेका छौं र अब हामी क्याम्पसका कार्यालयहरूलाई पेपरलेस बनाउन लागिरहेका छौं ।" वहाँले अगाडि भन्नुभयो, "शिक्षक र कर्मचारीको तलब दिने काम अनलाइनबाट गरिएको छ । विद्यार्थीहरूको अभिलेख कम्प्युटरमा राखिसकिएको छ । लाइब्रेरीका लागि डाटा एन्ट्री गराउन र लाइब्रेरीमा CCTV जडान गर्नका लागि त्रि.वि.सँग करिब २२ लाख रूपैयाँको अनुदान प्राप्त गर्ने सम्झौता भइसकेको अवस्था छ ।"

कामको प्रगतिका बारेमा प्रश्नको उत्तर दिदै सफ्ट टेक कम्पनीका कार्यकारी निर्देशक सुनिल पाण्डेले भन्नुभयो, "सबै काम सकिएको छ । टेस्टिङमा बढी समय लाग्यो । डाटा राख्ने काम क्याम्पसको हो । अब छिट्टै नै हस्तान्तरण गर्नेछु ।"

आर्थिक प्रशासनका अर्का कर्मचारी राजेन्द्र सुवेदीले क्याम्पसलाई डिजिटाइज्ड गर्नका लागि धेरै काम गरिसकिएको र डाटा एन्ट्री गर्ने काम मात्र बाँकी रहेको जानकारी दिनुभयो ।

## Inter-University Program Held

TU-PNC, 1 August 2016 – The inter-university co-curricular collaboration program was held on 28 July 2016 at the Faculty of Law, Prithvi Narayan Campus, which was jointly organized by the BALLB Program at Prithvi Narayan Campus and the Kathmandu School of Law of Purbanchal University.

The team from the Kathmandu School of Law included Program Convener Prof. Geeta Pathak Sangraula, Unit Coordinator Prof. Kapil Shrestha and the Project Secretary Bhisma Sangraula

The program had two sessions: the first was an interaction between two institutions and the second was an orientation given to the students of law.

The aim of the collaboration program was to build a fruitful and reciprocal relationship between the two institutions, the Program Convener Pathak Sangraula said.

# Music Rocks the Department of English

TU-PNC, 28 Aug. 2017 – One of the music artists for children's songs in Nepal Tirtha Tamang gave a guest presentation at the Department of English today on the chapter "Music Under Development: Children's Songs, Artists and the (Panchayat) State" by Ingemar Grandin.

The chapter is included in the ninth paper of MA 2nd year's English course as Nepal Studies, which is studied and taught under the Department of English, Prithvi Narayan Campus. The course is taught by Associate Professor Dr. Min Pun who had arranged Mr. Tamang's presentation at the department.

During his presentation, Mr. Tamang said that songs for children in Nepal appear to be marginal as compared to songs for adult. "So children's songs should be included in the school curricula and given space in music as a whole," he further said.

Mr. Tamang is a renowned singer, composer and lyricist for children's songs in Nepal. He has composed and given lyrics to dozens of children's songs and produced a few music albums for children. He sang a couple of children's songs during his presentation. He also played guitar while singing.

अन्तर्वार्ता

# पृथ्वीनारायण क्याम्पसको अगाडिको बाटो भनेको विश्वविद्यालयमा रूपान्तरण हुनु नै हो ।

## – पूर्व क्याम्पस प्रमुख प्रा.डा. पशुपतिनाथ तिमल्सेना



**प्रा.डा. पशुपतिनाथ तिमल्सेनाले लामो समयसम्म त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयको प्राध्यापन गर्दै आउनु भएको छ । वहाँ वि.सं. २०६४/११/१२ गतेदेखि २०६५/१२/११ गतेसम्म पृथ्वीनारायण क्याम्पसमा क्याम्पस प्रमुख हुनुहुन्थ्यो । वहाँको कार्यकालमा थुप्रै आयोजनाहरूको प्रारम्भ गरिएको थियो भने क्याम्पसको भौतिक, शैक्षिक र प्रशासनिक सुधार गर्नका लागि आर्थिक स्रोत जुटाउने कार्यमा वहाँको पहल सह्राहनीय मानिन्छ ।**

**प्रा.डा. तिमल्सेना नितान्त प्राज्ञिक व्यक्तित्व हुनुहुन्छ । वहाँले थुप्रै पुस्तक तथा अनुसन्धानात्मक लेखहरू प्रकाशित गर्नुभएको छ । वहाँ नेपाल प्राज्ञमञ्चका संस्थापक अध्यक्ष हुनाका साथै अन्य थुप्रै संघसंस्थाहरूमा समेत आबद्ध हुनुहुन्छ ।**

**बुलेटिनः आफ्नाबारेमा केही भनिदिनुहोस् न, सर ।**

**प्रा.डा. तिमल्सेनाः** मेरो जन्म २०१३ आश्विन १६ गते लमजुङ जिल्लाको दुराडाँडामा भएको हो र उच्च शिक्षाका प्रमाणपत्र तहदेखि विद्यावारिधि (Ph.D) सम्मका सबै तहका अध्ययनहरू त्रिभुवन विश्वविद्यालयमा सम्पन्न भएका हुन् ।

मैले २०४२ साल वैशाख १६ देखि २०४७ फागुनसम्म तत्कालीन महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जमा र त्यसयता अहिलेसम्म यसै क्याम्पसमा गरी ३२ वर्षभन्दा बढी समय त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन कार्य गरिरहेको छु । यो ३२/३३ वर्षको अवधिमा मैले प्रमाणपत्र तहदेखि विद्यावारिधि तहसम्मको प्राध्यापन तथा शोधविशेषज्ञका रूपमा कार्यसम्पादन गरेको छु ।

जागिरका लागि सरकारी निकायमा साथै अन्य क्षेत्रको विकल्प हुँदाहुँदै पनि विश्वविद्यालयमा प्राध्यापन गर्ने कार्यलाई मर्यादित पेसा मानेर नै म यस क्षेत्रमा लागेको हुँ र यसमा सन्तुष्ट छु । प्राध्यापन गर्ने व्यक्ति एक समय र एक संस्थामा मात्र आबद्ध हुनुपर्दछ भन्ने मेरो मान्यता हो । प्राध्यापन कार्यपछि मेरो समय प्राज्ञिक कार्यमा नै खर्च भएको छ । मेरा ५ वटा सैद्धान्तिक पुस्तक र १५० भन्दा बढी समालोचनात्मक वैचारिक लेखहरू प्रकाशित भएका छन् ।

**बुलेटिनः क्याम्पस प्रमुख भएर यस संस्थाको सेवा गर्ने अवसर पनि पाउनुभयो । यो जिम्मेवारी वहन गर्दा यस संस्थालाई के दिनुभयो र आफूले के सिक्नुभयो ?**

**प्रा.डा. तिमल्सेनाः** जुन बेला यस क्याम्पसमा १७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत थिए त्यस बेला म क्याम्पसको प्रमुख भएको थिएँ । धेरै नै कक्षाकोठाहरूको अभाव तथा M.Sc. in Physics को कक्षा सञ्चालनका लागि तत्काल ल्याब निर्माण गर्नैपर्ने थियो । ती कार्यका लागि ठूलो धनराशि जुटाउने कार्य भयो ।

तत्कालीन अवस्थामा विश्वविद्यालय बन्न सक्ने यस क्याम्पसमा स्टाफ मिटिङ गर्ने सुविधाजनक ठूलो हल र अनुसन्धानकार्य गर्नका लागि सुविधा सम्पन्न हलहरू पनि नभएको अवस्था थियो । क्याम्पस प्रमुख भएलगतै मैले एउटा आकर्षक सुविधासम्पन्न भवनमा नै यस क्याम्पसको स्वर्णजयन्ती मनाउनुपर्दछ भन्ने ध्येयले १००० जना अट्ने आकर्षक अडिटोरियम हल तथा अत्याधुनिक भौतिक सुविधा भएका ६ वटा अनुसन्धान हलहरू भएको झण्डै साढे ५ करोड लागतको स्वर्णजयन्ती स्मृति भवन निर्माण गर्ने योजना अगाडि बढाउने कार्य गरें । नेपाल सरकारले योजना स्वीकार गरी पहिलो चरणमा २०६५ सालको बजेटबाट ३ करोड ५० लाख उपलब्ध गरायो । तर आज दस वर्ष पुग्दा पनि भवन निर्माणकार्य सम्पन्न हुन सकेको छैन र अहिलेकै अवस्था रहे उद्घाटन हुनुपूर्व नै यसको अन्त्य नहोला भन्न सकिन्न । विश्वविद्यालय बन्ने तयारीमा रहेको क्याम्पसमा यस्तो अवस्था आउनु राम्रो होइन ।

> प्रदेश ४ को प्रशासनिक केन्द्रसमेत बन्न लागेको पोखरा लेखनाथ महानगरपालिका क्षेत्रमा सरकारी स्रोतमा आधारित विश्वविद्यालयको अति आवश्यक भई सकेको छ ।

यस्तै क्याम्पसमा हुने सबै स्रोतको आम्दानीलाई अनिवार्य रूपमा क्याम्पसको मूलखातामा जम्मा गरेपछि मात्र खर्च गर्ने व्यवस्थित लेखाप्रणालीको अनुसरण गर्ने कार्य गर्नाका साथै क्याम्पसभित्रै सम्पन्न हुने शैक्षिक तथा प्राज्ञिक कार्यमा प्रोत्साहन गर्ने कार्यबाहेक अन्य कार्यमा दिने चन्दा विज्ञापन खर्चलाई रोक्ने कामलाई मैले विशेष महत्त्व दिएँ ।

यस संस्थाको प्रमुख भई जति समय काम गरें निःस्वार्थ भावनाले काम गरें । यस संस्थाको प्रमुखका रूपमा काम गर्दा कठोर परिस्थितिमा पनि प्राज्ञिक मूल्य, मान्यता र संस्थाको हित विपरीत कुनै पनि सम्झौता गर्नुहुँदैन भन्ने मेरो आफ्नो मान्यता अझै सशक्त रूपमा उठेको अनुभव गरेको छु ।

**बुलेटिनः यो क्षेत्र महानगरपालिका भइसकेको र संघीय राज्यका रूपमा प्रदेश नं. ४ को प्रशासनिक केन्द्र रहने अवस्थामा यस क्षेत्रभित्र एउटा प्रान्तीय विश्वविद्यालय (स्टेट युनिभर्सिटी) को आवश्यकता हो कि होइन ? र महानगरपालिका र प्रादेशिक राज्यको पूर्वाधार हो कि होइन ?**

**प्रा.डा. तिमल्सेनाः** प्रदेश ४ को प्रशासनिक केन्द्र समेत बन्न लागेको पोखरा लेखनाथ महानगरपालिका क्षेत्रमा सरकारी स्रोतमा आधारित विश्वविद्यालयको अति आवश्यक भइसकेको छ । त्यसका लागि केन्द्र, प्रदेश र स्थानीय तह एवं यस क्षेत्रका जनतामा राज्यद्वारा सञ्चालित उच्चतहको बौद्धिक अनुसन्धानमूलक शिक्षण संस्थाको रूपमा विश्वविद्यालय स्थापनाको आवश्यकता बोध हुनुपर्दछ र त्यो भावना यस क्षेत्रका जनतामा देखिएको पनि छ । त्यस्तो विश्वविद्यालय स्थापनाका लागि चाहिने पूर्वाधार (मानव संशाधन र भौतिक स्रोत) पोखरा लेखनाथ महानगरपालिकामा छ र त्यस्तो सङ्कल्प गर्ने हो भने थप भौतिक पूर्वाधार विकास गर्न यहाँ सम्भव पनि छ ।

**बुलेटिनः पृथ्वीनारायण क्याम्पसलाई विश्वविद्यालय बनाउने प्रयास धेरै पहिलेदेखि भएका हुन् । हामी किन असफल भइरहेका छौं ? अब प्रस्तावित पृथ्वीनारायण विश्वविद्यालयलाई प्रान्तीय विश्वविद्यालय बनाउन के गर्नुपर्ला ?**

**प्रा.डा. तिमल्सेनाः** हो, यस क्याम्पसलाई विश्वविद्यालय बनाउने प्रयत्न निकै पहिलादेखि नै हुँदै आएको हो तर कतिपय समूहका व्यक्त/अव्यक्त स्वार्थका कारण नै विश्वविद्यालय बन्न बाधा पुगेको छ । प्रस्ट रूपमा भन्दा यस क्याम्पसलाई विश्वविद्यालय बनाउने साझा सङ्कल्प अगाडि नआउनु नै पनि एउटा समस्या

(बाँकी अंश पृष्ठ ७ मा हेर्नुहोला......)

# संघीय ढाँचामा पृथ्वीनारायण विश्वविद्यालयको परिकल्पना

**हिमराज गिरी, प्राध्यापक (कानून) तथा वरिष्ठ अधिवक्ता**

संविधान सभाबाट पारित भई आएको नेपालको संविधान २०७२ कार्यान्वयनको दिशातर्फ अगाडि बढिरहेको छ । राजनीतिक, प्रशासनिक, न्यायिक क्षेत्र लगायत अन्य सबै क्षेत्रमा राज्यको पुनःसंरचना अनुरूप केही फेरबदल भईसकेका र केही क्षेत्र फेरबदल हुने क्रममा छन् । यिनैमध्ये शैक्षिक क्षेत्र पनि एक हो । जस्तो कि त्रिभुवन विश्वविद्यालय र यस अन्तर्गतका आंगिक क्याम्पसहरूको व्यवस्थापन, सञ्चालन, रेखदेख आदि जस्ता विषय कसरी गर्ने भन्ने कुरा अझै अन्यौलमै छ । प्रदेश र संसदको निर्वाचन भएपश्चात् यसले एउटा निकास दिनेछ । मूलतः संघीय संरचना अनुसार बनेको संसदले त्रिभुवन विश्वविद्यालयको साविक ऐनमा संशोधन वा नयाँ कानुनको निर्माण गर्नेछ । त्यसरी नै प्रदेशको विधायिकाले नेपालको संविधान २०७२ को अनुसूची ६ बमोजिम प्रान्तीय विश्वविद्यालय (State University), उच्च शिक्षा, पुस्तकालय, सँग्रहालयसम्बन्धी व्यवस्था गर्न पाउने संवैधानिक अधिकारका सम्बन्धमा ऐन पारित गर्नेछ ।

> त्रिभुवन विश्वविद्यालय ऐन २०४९ मा परिमार्जन वा संशोधन वा नयाँ कानूनको निर्माण तथा प्रदेशको प्रतिनिधि सभाले बनाएको ऐनबाट नै त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पसहरूको भाग्य र भविष्यको निर्धारण गर्नेछ ।

केन्द्रीय विश्वविद्यालय, केन्द्रीय स्तरका प्रतिष्ठान, अन्य विश्वविद्यालयहरूको मापदण्ड तथा नियमन र केन्द्रीय पुस्तकालयको बारेमा मात्र केन्द्रीय सरकारलाई अधिकार रहने व्यवस्था नेपालको संविधान २०७२ को अनुसूची ५ ले गरेको छ । प्रत्यक्ष रूपमा केन्द्र सरकारले केन्द्रीय स्तरका विश्वविद्यालय लगायत शैक्षिक तथा प्रतिष्ठानका लागि व्यवस्था गर्नुपर्ने संवैधानिक आदेश त छदैछ साथसाथै यसले प्रदेशमा स्थापित शैक्षिक संस्था जस्तै विश्वविद्यालयलाई वेवास्ता गर्दछ भन्ने पनि होईन ।

नेपालको संविधान २०७२ को धारा ३१ को शिक्षा सम्बन्धी हकले केवल आधारभूत शिक्षाको मात्र कुरा गरेको छैन । अन्य शैक्षिक संस्था खोल्ने तथा सञ्चालन गर्ने कुरा पनि समावेश गरेको छ । त्यसकारण शैक्षिक संस्थाहरूको स्थापना त्यसको विस्तार, गुणस्तरमा वृद्धि लगायतका कुरामा जोड दिनु केन्द्रको दायित्व रहन जान्छ । यो अन्तर्राष्ट्रिय मान्यता र प्रचलन पनि हो ।

प्रदेशभित्रका विश्वविद्यालय स्थापनाको अन्तर्राष्ट्रिय प्रयोगलाई हेर्दा भिन्दाभिन्दै देशमा भिन्दाभिन्दै प्रक्रिया अपनाइएको छ । अमेरिकामा प्रदेश स्तरका विश्वविद्यालयलाई प्रदेश सरकारबाट निर्देशित, नियन्त्रित गरेको पाइन्छ भने भारतको विश्वविद्यालयहरूमा विभिन्न खालका प्रक्रिया अपनाएको देखिन्छ । प्रदेश स्तरका विश्वविद्यालयहरू पनि केही प्रादेशिक लगानीबाट र केही केन्द्रीय सरकारको लगानीबाट सञ्चालित देखिन्छन् । समग्रमा केन्द्र सरकार र प्रदेश सरकारको सामुहिक जिम्मेवारीबाट शिक्षाको विकास भएको पाइन्छ ।

प्रान्तीय विश्वविद्यालय भन्नाले प्रदेशभित्र रहेका निजीस्तरका विश्वविद्यालयलाई मानिदैन । प्रान्तीय विश्वविद्यालयलाई प्रदेश सरकारले सञ्चालन, रेखदेख गर्दछ । कम मूल्यमा राम्रो शिक्षा दिने उद्देश्य रहेको हुन्छ । तथापि निजीस्तरका विश्वविद्यालयप्रति केन्द्र सरकारको रेखदेख गर्ने दायित्व भने हुन्छ ।

विश्वविद्यालयहरू कसरी सञ्चालन हुने, आयस्रोत कसरी प्राप्त गर्ने आदि बारेमा सम्बन्धित ऐनले स्पष्ट रूपमा तोकेको हुन्छ । आयस्रोतको सन्दर्भमा प्रदेश सरकारको आयस्रोतले मात्र विश्वविद्यालय सञ्चालन गर्नुपर्छ भन्ने होइन । केन्द्र सरकारले पनि अनुदानका रूपमा सहयोग गर्दछ । नेपालको संविधान २०७२ को धारा ६०(५) मा राज्यको स्रोतको बाँडफाँडका सम्बन्धमा केन्द्रबाट अनुदान दिने तथा प्रदेशले पनि आफ्नो स्रोतको प्रयोग गर्नेछ भनिएको पाइन्छ । राजश्वको बाँडफाँड केन्द्र, प्रदेश तथा स्थानीय निकायमा विभाजित गरिने र त्यसको बाँडफाँडको आधार र ढाँचा तयार गरिने छ ।

अन्य कुरामा प्रदेश सरकारले नै प्रान्तीय विश्वविद्यालय, पुस्तकालय, सँग्रहालय आदिको व्यवस्था गर्ने एकलौटी अधिकार राख्दछ । यस विषयमा प्रदेश सरकार र केन्द्रीय सरकारको साझा अधिकार रहेको पाइदैन । त्यसैले त्रिभुवन विश्वविद्यालय ऐन २०४९ मा परिमार्जन वा संशोधन वा नयाँ कानुनको निर्माण तथा प्रदेशको प्रतिनिधि सभाले बनाएको ऐनबाट नै त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पसहरूको भाग्य र भविष्यको निर्धारण गर्नेछ । त्यस सम्बन्धमा के व्यवस्था र कसरी सञ्चालन गर्ने भन्ने बारेमा सरोकारवालाहरूको पक्षबाट गहन अध्ययन गर्नु अति आवश्यक देखिन्छ ।

परिवर्तित परिस्थितिमा हिजोको जस्तो केन्द्रीकृत शासन व्यवस्थामा जस्तो देशको राजधानीभन्दा बाहिरका आंगिक क्याम्पसहरूका साना मसिना कुराहरूमा समेत रेखदेख नियन्त्रण गर्ने अवस्था अब रहने छैन । आफ्नो भविष्य आफै निर्धारण गर्नुपर्ने स्थिति आईसकेको छ ।

अन्तमा पृथ्वीनारायण क्याम्पसलाई विश्वविद्यालयमा परिणत गरेर मात्र पुग्दैन । विश्वविद्यालय स्थापना भएपछि अध्ययन अध्यापनको गुणस्तर वृद्धि गर्ने, लामो समयदेखि सञ्चालनमा रहेका स्नातक तहलाई स्नातकोत्तर तहमा वृद्धि गर्ने (जस्तै कानुनमा स्नातक तहका LLB र BALLB कार्यक्रमका साथसाथै स्नातकोत्तर तहका LLM कार्यक्रमका कक्षा सञ्चालन गर्ने), अनुसन्धानात्मक कार्यको क्षेत्र विस्तार, गुणस्तर, प्रभावकारितामा जोड दिनुपर्ने, M.Phil र Ph.D. कार्यक्रम लाई अगाडि बढाउनु पर्ने र कुनै एउटा विषयमा विशिष्टता प्रदान गर्ने जस्ता थुप्रै कुरा हरूमा जोड दिनुपर्ने हुन्छ । जसरी भारतको दिल्ली विश्वविद्यालयको अर्थशास्त्र विषयमा, जवाहरलाल नेहरु विश्वविद्यालयको अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा जस्तै विशिष्टता प्रदान गर्ने खालका अध्ययन-अध्यापन गर्ने सोच राखेर पृथ्वीनारायण विश्वविद्यालयको स्थापना तर्फ लाग्नुको विकल्प छैन ।

---

**(पृष्ठ ६ को बाँकी अंश......)**

हो । अर्को कारण यो क्याम्पस विश्वविद्यालय बनेपछि पनि राज्यले त्रि.वि. मार्फत दिँदै आएको न्यूनतम सुविधा कटौती हुँदैन भनेर बुझाउन नसक्नु पनि हो । त्यस्तै यस क्याम्पसलाई विश्वविद्यालय बनाउने बहस चलाउँदा शिक्षक र विद्यार्थीको ठूलो सङ्ख्यालाई मात्र आधार मानेर प्राज्ञिक/आर्थिक आधार बलियो भएको देखाउने गरिन्छ, जसले फिस मात्र बढ्छ तर नयाँ बन्ने विश्वविद्यालयले त्रिभुवन विश्वविद्यालयकै गति र मतिलाई नै निरन्तरता दिन्छ भन्ने भावना पैदा गरिदियो । यसै कारणले यस क्याम्पसलाई विश्वविद्यालयमा रूपान्तरण गर्न सकिन्छ भन्ने भावना सम्बद्ध पक्षमा जगाउन सकेन । यी पक्षहरूलाई वस्तुगत रूपमा मूल्याङकन गरेर एकीकृत साझा दृष्टिकोण बनाउन सकियो भने यस क्याम्पसलाई विश्वविद्यालय बनाउन सकिन्छ ।

**बुलेटिनः अहिलेसम्ममा पृथ्वीनारायण क्याम्पस कतातिर गइरहेको जस्तो लाग्छ ? तपाईको अनुभवले के भन्छ ?**

**प्रा.डा. तिमल्सेनाः** पृथ्वीनारायण क्याम्पस क्रमशः खस्कँदो अवस्थाबाट गुज्रिरहेको छ । यस्तो अवस्था तोडेर अग्रगतिमा लैजान यस क्याम्पसका सम्बद्ध पक्षहरू, यस क्षेत्रका विभिन्न तहका जनप्रतिनिधिहरू, बुद्धिजीवीहरू तथा सचेत नागरिकहरू जुटेर कठोर नयाँ योजना बनाउनु आवश्यक छ ।

**बुलेटिनः पूर्व क्याम्पस प्रमुखका हैसियतले यस क्याम्पसको नेतृत्वको भूमिकाबारे के भन्नुहुन्छ ?**

**प्रा.डा. तिमल्सेनाः** यस क्याम्पसको नेतृत्व लिने व्यक्तिले आफूलाई सम्पूर्ण रूपमा क्याम्पसको हित र उन्नतिमा समर्पित गर्नुपर्दछ । उच्च नैतिक मूल्यबोध सहित प्राज्ञिक अनुसन्धानात्मक कार्यमा जोड दिनाका साथै पूर्ण रूपमा सन्तुलित, पारदर्शी र तटस्थ रूपमा नवीन कार्ययोजनासहित आफूलाई प्रस्तुत गर्नुपर्दछ ।

**बुलेटिनः अन्तमा, यस क्याम्पसको अबको बाटो के हुनुपर्छ ?**

**प्रा.डा. तिमल्सेनाः** अब पनि यस क्याम्पसको अगाडिको बाटो भनेको विश्वविद्यालयमा रूपान्तरण हुनु नै हो । त्यसका लागि यस क्याम्पसलाई उत्कृष्ट नमुना क्याम्पस बनाउँदै आफूलाई आफैले नेतृत्व गर्ने स्वायत्त संस्थाका रूपमा उभ्याउने कार्य गर्नुपर्दछ ।

# प्रस्तावित पृथ्वीनारायण विश्वविद्यालयको चुनौती र मार्गचित्र

प्रा.डा. विश्वकल्याण पराजुली

नेपालमा समावेशी राज्यको पुनर्निर्माण र मुलुकको सङ्घीय पुन:संरचनाका लागि लामो राष्ट्रिय बहसपछि संविधानसभाद्वारा प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको निर्माणसँगै पहिलो र दोस्रो चरणको स्थानीय चुनावसमेत सफलतापूर्वक सम्पन्न भएका छन् । तेस्रो चरणको स्थानीय चुनाव र प्रदेश तथा केन्द्रको चुनावको घोषणा भइसकेको अवस्था छ । सामाजिक अग्रगमन, समुन्नत र सुदृढ राज्यको सङ्घीय संरचना निर्माणका लागि प्रत्येक सचेत नागरिकले नयाँ भूमिकाको खोजी गर्नुपर्ने देखिन्छ । अत: परिवर्तित सन्दर्भमा नेपालमा उच्च शिक्षाको संरचना र विश्वविद्यालयहरूको भूमिकामा समेत परिमार्जन र रूपान्तरण गर्नुपर्ने आवश्यकतालाई नकार्न सकिदैन ।

यसै सन्दर्भमा राज्यकै सर्वाधिक विद्यार्थी अध्ययनरत यस क्षेत्रमा अवस्थित पृथ्वीनारायण क्याम्पसलाई विश्वविद्यालय संरचनामा रूपान्तरण गरी एउटा प्रान्तीय विश्वविद्यालय स्थापना गर्न सकियोस भन्ने आशयले यो अवधारणा प्रस्तुत गरिएको छ । यो लेखले पृथ्वीनारायण क्याम्पसको आफ्नो स्थापनाको ५७ वर्ष पुगेको उपलक्ष्यमा यस क्याम्पसले यस क्षेत्रको बौद्धिक चेतनाको थलोको रूपमा विकास गर्न सघाउ पुऱ्याउनेछ भन्ने आशासहित नयाँ विश्वविद्यालय स्थापनाको सन्दर्भमा प्रस्तावित पृथ्वीनारायण विश्वविद्यालयको चुनौती र मार्गचित्र प्रस्तुत गर्न खोजे को छ ।

### पृथ्वीनारायण क्याम्पस र पश्चिम क्षेत्रमा उच्च शिक्षा

वि.सं. २०१७ मा पृथ्वीनारायण क्याम्पसको स्थापनासँगै नेपालको पश्चिम क्षेत्रमा उच्च शिक्षाको आरम्भ भएको पाइन्छ । यस क्याम्पसको स्थापनापूर्व उच्च शिक्षाको लागि यस क्षेत्रका विद्यार्थीहरू देशबाहिर जाने गरेको इतिहास साक्षी छ । आरम्भमा २ जना अध्यापक र १३ जना प्रवीणता प्रमाणपत्र तहका विद्यार्थीहरूबाट स्थानीय पहलमा स्थापना भएको यो क्याम्पस वि.सं. २०३० बाट त्रि.वि.को आंगिक क्याम्पसका रूपमा संचालित हुदै २०५६ सालमा क्लष्टर विकास कार्यक्रम अन्तर्गत त्रि.वि. विकेन्द्रीकरण ऐनबाट संचालित थियो भने २०६४/६५ देखि यता स्वायत्तताका सवालमा बहस हुदै आएको छ ।

त्रि.वि.का आंगिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरूका अतिरिक्त पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, काठमाण्डौं विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय र विदेशका विश्वविद्यालयहरूबाट सम्बन्धन प्राप्त दर्जनौं क्याम्पसहरू यस क्षेत्रमा क्रियाशिल छन् । यी मध्ये पृथ्वीनारायण क्याम्पस, वन विज्ञान अध्ययन संस्थान र पोखरा विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गर्ने सयौं विद्यार्थीहरू प्रत्येक वर्ष एमफिल र पिएचडीका लागि विदेश गईरहेका छन् । त्रि.वि.अन्तर्गतका पश्चिमाञ्चल क्षेत्रमा क्रियाशील ७९ क्याम्पसहरू मध्ये कार्यक्रम, विषयगत दक्षता, पूर्वाधार र अनुभवका आधारमा पृथ्वीनारायण क्याम्पस सर्वाधिक अग्रपंक्तिमा छ । अत: नेपाललाई सङ्घीय ढाँचाअनुरूपको शासन व्यवस्थाको अभ्याससँगै पृथ्वीनारायण क्याम्पसलाई पनि प्राज्ञिक स्वायत्तता सहित विश्वविद्यालयमा रूपान्तरण गर्नुको विकल्प छैन ।

### पृथ्वीनारायण विश्वविद्यालय स्थापनाका प्रयास

त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसका रूपमा संचालित पृथ्वीनारायण क्याम्पस पूर्वाधार र स्रोतका दृष्टिले र विद्यार्थी सङ्ख्याका दृष्टिले नेपालकै ठूलो क्याम्पसका रूपमा परिचित छ । यही विशेषताका कारण राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) ले उच्च शिक्षाको अवसर लाई सर्वसुलभ बनाउन र त्रि.वि.लाई विकेन्द्रीकरण गर्ने उद्देश्य सहित पश्चिमाञ्चलका आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरू सहित यस क्याम्पसलाई विश्वविद्यालयमा रूपान्तरण गर्न सिफारिस गरेको थियो । उच्च शिक्षा विकास कार्यक्रमबाट सशक्त बनाईएको यस क्याम्पसलाई विश्वविद्यालय बनाउने भनिए तापनि २०५३ को विधेयकले छुट्टै पोखरा विश्वविद्यालयको घोषणा गरे पश्चात बौद्धिक

नेपाललाई सङ्घीय ढाँचाअनुरूपको शासन व्यवस्थाको अभ्याससँगै पृथ्वीनारायण क्याम्पसलाई पनि प्राज्ञिक स्वायत्तता सहित विश्वविद्यालयमा रूपान्तरण गर्नुको विकल्प छैन ।

जगतमा एउटा निरासा उत्पन्न भयो । पुन: २०५७/५८ को वार्षिक बजेट भाषणबाट यस क्याम्पसलाई नै पोखरा विश्वविद्यालयमा समायोजन गर्ने भन्ने तत्कालीन अर्थमन्त्रीको अविवेकी वक्तव्यले धेरैलाई आक्रोसित समेत तुल्यायो । यस क्षेत्रको स्थानीय आवश्यकता पुरा गर्न, त्रि.वि.को शैक्षिक, प्रशासनिक बोझ कम गर्न, उच्च शिक्षामा जनसहभागीता वृद्धि गर्न, प्रतिस्पर्धी जनशक्ति तयार गर्न र मुलुकको शैक्षिक गुणस्तर सुधार गर्नका लागि पनि पृथ्वीनारायण विश्वविद्यालयको आवश्यकता प्रतिदिन खड्किदै गएको छ । सुदुर पश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय स्थापनाका लागि स्थानीय सरोकारवालाहरूको तदारुकता देखिएको अवस्थामा र विश्वविद्यालय अनुदान आयोगले समेत विश्वविद्यालय सम्बन्धी छाता ऐनको तयारी गरिरहेको अवस्थामा हामी सबैको प्रयासले पृथ्वीनारायाण विश्वविद्यालय स्थापनाको पुनित कार्यलाई मूर्तरूप दिन सक्नेछ ।

हालको पृथ्वीनारायण क्याम्पसले विश्वविद्यालय रूपान्तरण गर्नमा न्यूनतम पूर्वाधारहरू जस्तै स्थिर सामाजिक संरचना, नियमित आयस्रोत, पूर्वाधार विकास, जनशक्ति र नियमहरू सहित ज्ञानको अग्रगमन, वैज्ञानिक र बौद्धिक कार्य सहित पाठ्यक्रम निर्माण तथा परिमार्जन, अध्यापन र कक्षा शिक्षण, परीक्षा सञ्चालन र उपाधि वितरण, इन्टर्नसीप तथा तालिम, अनुसन्धान/शोधकार्य, परामर्श सेवा जस्ता क्रियाकलापमा लामो अनुभव हासिल गर्दै आएको हुँदा यसैलाई पर्याप्त स्वायत्तता सहितको विश्वविद्यालयमा रूपान्तरणका लागि प्रस्ताव गर्न सकिन्छ । तर नयाँ नेपालमा नयाँ ढंगले काम गर्नका लागि प्रस्तावित पृथ्वीनारायण विश्वविद्यालयका सामु अनेकन् चुनौतीहरू अवश्य विद्यमान छन् ।

### प्रस्तावित पृथ्वीनारायण विश्वविद्यालयका चुनौतीहरू

पश्चिम क्षेत्रमा अवस्थित पृथ्वीनारायण क्याम्पस र सेरो फेरोका अन्य शैक्षिक संस्थाहरूमा वर्षेनी करिव ३० हजार विद्यार्थीहरू विभिन्न तहमा अध्ययनरत रहेको देखिन्छ । यस क्याम्पसको चालू संरचनामाथि विश्वविद्यालय घोषणा गर्नु पूर्व केही न्यूनतम सर्तहरूमा स्पष्ट हुन आवश्यक देखिन्छ । अत: यो लेखमा प्रस्तावित पृथ्वीनारायण विश्वविद्यालयले सम्बोधन गर्नुपर्ने सर्तहरूलाई संक्षेपमा सूत्रबद्ध गर्ने प्रयास गरिएको छ ।

**१) राष्ट्रिय तथा क्षेत्रीय आवश्यकताको पहिचान :** समग्र मुलक तथा यस क्षेत्रका लागि कस्तो जनशक्ति आवश्यक छ, कतिवर्ष भित्र कस्तो जनशक्ति उत्पादन गर्ने, जनशक्तिको खपत कहाँ र कसरी गर्ने भन्ने सवालमा स्पष्ट हुन आवश्यक छ । देशको सामाजिक-आर्थिक-सांस्कृतिक संरचना, विकासको स्तर, अन्तर्राष्ट्रिय प्रतिस्पर्धा आदिका आधारमा उच्च शिक्षाको राष्ट्रिय तथा क्षेत्रीय आवश्यकता पहिचान गर्नु पर्दछ । यसका लागि विश्वविद्यालयको घोषणा सँगै सर्वपक्षीय वृहत शैक्षिक सम्मेलन जरुरी छ ।

**२) उच्च शिक्षाको लक्ष्य निर्धारण :** कसलाई, कुन प्रकारको र कुन गुणस्तरको शिक्षा के का लागि एवं किन दिने भन्ने सवालमा स्पष्ट नभएसम्म विश्वविद्यालयहरूमा गरिएको लगानी व्यर्थ हुन जान्छ । मुलुकका नागरिकहरूलाई व्यक्तिवादी वा उपभोक्तावादी शिक्षा दिने कि राष्ट्रवादी शिक्षा दिने वा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा भाग लिन सक्ने स्तर को शिक्षा दिने भन्ने लक्ष्य निर्धारण नगरेसम्म प्रस्तावित पृथ्वीनारायण विश्वविद्यालयले एक्काईसौं शताब्दीको दौडमा भाग लिन सक्दैन । त्यसैले वृहत शैक्षिक सम्मलेनले उठाएका सवाललाई सम्बोधन हुने गरी लक्ष्य निर्धारण गरौं ।

**३) मस्यौदा कार्यदल गठनको आवश्यकता :** मुलुकमा करिब एकदर्जन विश्वविद्यालयको स्थापना र सञ्चालनबाट नेपाल बहुविश्वविद्यालय प्रणालीमा प्रवेश गरि सकेको छ । अत: अनेकतापूर्ण पाठ्यक्रमको सञ्चालन, विषयगत विशिष्टता र आधुनिक विश्व परम्परालाई अगाल्नका लागि मुलुक सङ्घीयतामा प्रवेश गर्नलागेको परिप्रेक्ष्यमा त्रि.वि.को बोझ कम गर्नका लागि पनि पोखरामा प्रान्तीय विश्वविद्यालय (State University) आवश्यक भएकाले सङ्घीय सरकार (Federal Government) का मातहतमा रहने गरी प्रस्तावित पृथ्वीनारायण विश्वविद्यालय स्थापनार्थ विधान मस्यौदा तयार गरी व्यवस्थापिका संसदमा पेश गर्नका लागि एउटा मस्यौदा कार्यदल बनाउन आवश्यक छ ।

**४) अनुसन्धानमूलक व्यवहारिक शिक्षामा जोड :** प्रस्तावित विश्वविद्यालयले अनुसन्धानलाई नियमित ढंगले सुपरिवेक्षण गर्ने निकायको स्थापनासँगै एक्काईसौं शताब्दीको शिक्षालाई अनुसन्धानमुखी बनाउनका लागि पठनपाठन, शिक्षकको तलब र प्रशासनिक खर्चका अतिरिक्त

प्राध्यापकहरूलाई अनुसन्धानका लागि छुट्टै र पर्याप्त बजेटको व्यवस्था मिलाउनुका साथै प्राध्यापकहरूलाई नियमित रूपमा अनुसन्धानकार्यमा संलग्न गराउदै अनुसन्धान परम्पराको थालनी, विकास, विस्तार र निरन्तरता का लागि स्वायत्त अनुसन्धान केन्द्रको स्थापना अनिवार्य देखिन्छ। स्नातकोत्तर तहमा सबै विषयहरूमा अनुसन्धान वा इन्टर्नसीपलाई अनिवार्य बनाइनुका साथै स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई स्थानीय आवश्यकता पूरा गराउनका लागि कुनै न कुनै काममा लगाई समुदाय र विद्यार्थी बिचको सम्बन्धलाई दिगो र मजबुत तुल्याउनु पर्दछ।

**५) प्राज्ञिक स्वायत्तता :** विश्वविद्यालयहरूलाई राजनैतिक तथा प्रशासनिक हस्तक्षेपबाट मुक्त नराखेसम्म गुणस्तरीय र मर्यादित उच्च शिक्षाको लक्ष्य हासिल हुन सक्दैन। नेपालका विश्वविद्यालयहरूमा हुने गरेको सत्ता राजनीति को चरम हस्तक्षेप र अनुशासनहीनताका कारण कुनै पनि विश्वविद्यालयहरूले प्रगति गर्न सकेका छैनन्। प्रतिस्पर्धी जनशक्ति उत्पादनका लागि विश्वविद्यालयमा प्राज्ञिक स्वतन्त्रता पहिलो अनिवार्य सर्त बन्नुपर्दछ ।

**६) जनशक्तिको पलायन :** उच्च शिक्षाका लागि यस क्षेत्रबाट वर्षेनी हजारौंको सङ्ख्यामा विद्यार्थीहरू भारत, चीन, बंगलादेश, बेलायत, अमेरिका, अष्ट्रेलिया लगायतका मुलुकमा विदेशिने हुनाले देशले ठूलो घाटा व्यहोर्नुपरेको छ। स्वदेशी पुँजी विदेशिने र दक्ष जनशक्ति पलायन हुने क्रमलाई रोक्दै उनीहरूलाई समेत आकर्षण गर्ने शिक्षा पद्धतिको विकास गर्नु प्रस्तावित पृथ्वीनारायण विश्वविद्यालयका लागि गम्भीर चुनौती बन्न पुग्ने छ। त्यसै गरी प्रस्तावित विश्वविद्यालयसँग आवद्ध दक्ष, तालिमप्राप्त र योग्य जनशक्तिको पलायनलाई पनि प्रभावकारी ढंगबाट रोक्नुका साथै विदेशी विद्यार्थीलाई आकर्षण गर्ने खालका केही विशेष कार्यक्रमहरू सञ्चालन गरी योग्य, दक्ष र अनुभवी जनशक्तिलाई आकर्षण गर्नु पर्दछ।

**७) स्वतन्त्र विश्वविद्यालय सभा :** विश्वविद्यालयका पदाधिकारीहरू विश्वविद्यालय सभाप्रति उत्तरदायी हुनका लागि सत्ता राजनीतिको छायाँबाट अलग स्वतन्त्र विश्वविद्यालय सभाको आवश्यकता हुन आउँछ। राजनैतिक हस्तक्षेप कायम रहेसम्म प्राज्ञिक स्वतन्त्रताको प्रत्याभूति हुँदैन। अतः प्राज्ञिक स्वतन्त्रताका लागि पनि स्वतन्त्र विश्वविद्यालय सभा अपरिहार्य हुन्छ। अतः प्रस्तावित पृथ्वीनारायण विश्वविद्यालयका लागि स्वतन्त्र विश्वविद्यालय सभा गठनको प्रारम्भिक तयारी आवश्यक देखिन्छ।

**८) विद्यार्थी भर्ना, कार्यक्रम समायोजन :** उच्च शिक्षा सम्बन्धी राष्ट्रिय नीतिको अभावमा कुन कार्यक्रममा कति विद्यार्थी भर्ना गर्ने भन्ने स्पष्ट खाका नभएको देखिन्छ। त्यसैले समयको माग अनुसारका विषयहरू प्रस्तावित विश्वविद्यालयमा प्रवेश गराउनुका साथै विद्यार्थी सङ्ख्या नगण्य भएका विषयहरूलाई अन्य कार्यक्रममा समायोजन गर्दै प्रस्तावित विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा स्नातकोत्तर तहदेखि माथि र यससँग आबद्ध आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा स्नातक तहदेखि माथिको पठनपाठन र अनुसन्धान कार्य सञ्चालन गर्नु पर्दछ।

**९) स्वतन्त्र सेवा आयोगको आवश्यकता :** नेपालका विभिन्न विश्वविद्यालयहरूमा दवावका कारण जनशक्ति भर्ती गर्ने र अप्राज्ञिक निर्णय लाद्ने गरिएकोमा त्यस्ता प्रवृत्तिका विरुद्ध र विश्वविद्यालय सेवाको गरिमा वृद्धिका लागि प्रस्तावित विश्वविद्यालयले खुल्ला प्रवेशद्वार नीति अवलम्बन गर्नु पर्दछ। यसरी खुल्ला प्रतिस्पर्धाबाट प्रवेश गराइएमा पेशागत गरिमाको वृद्धि हुने कुरामा दुईमत हुँदैन। तसर्थ पृथ्वीनारायण विश्वविद्यालयको घोषणा गरिएसँगै लोकसेवा आयोगबाट मान्यता प्राप्त स्वतन्त्र सेवा आयोगको गठन गरी नियुक्तिका प्रक्रियाहरू आरम्भ गरिनु पर्दछ।

**प्रस्तावित पृथ्वीनारायण विश्वविद्यालयको मार्गचित्र**

पहिलो उच्च शिक्षा परियोजना (२०५०/५१) को लक्ष्य अनुरूप २०५०को दशकबाट पृथ्वीनारायण क्याम्पसलाई विश्वविद्यालयमा रूपान्तरण गर्नका लागि भएका सीमित प्रयत्नका बावजुद् विश्वविद्यालयमा रूपान्तरणको स्थानीय आकाँक्षा पुरा भएको छैन। ठोस पहल, कार्ययोजना एवं सरकार, विश्वविद्यालयका पदाधिकारीहरू र सरोकारवाला कै दृढ इच्छाशक्तिको अभावमा विश्वविद्यालय स्थापनाका कामले मूर्तरूप लिएको छैन्। यस लेख सरोकारवाला सबैको ध्यानाकर्षण गर्दै आफ्नो मार्गचित्र निर्धारण गर्ने सफलता प्राप्त हुनेछ भन्नेमा विश्वस्त छ। विश्वविद्यालय स्थापनाका लागि निम्नअनुसारको कार्यसूची प्रस्ताव गर्न चाहन्छु -

> प्रदेश नं. ४ र पोखरा लेखनाथ महानगरपालिकाको पूर्वाधारका रूपमा त्रि.वि.लाई नेपाल सरकारको लगानीमा सञ्चालन गरे जस्तै प्रान्तीय सरकारको लगानीमा छुट्टै विधेयकमार्फत पृथ्वीनारायण क्याम्पसलाई पनि प्रान्तीय विश्वविद्यालयमा रूपान्तरण गर्न पहल गर्न सकिन्छ।

- सङ्घीय राज्यको अवधारणा अनुरूप सङ्घीय सरकारको दायित्वमा रहने विश्वविद्यालय राजनीतिक दलहरू र सरोकारवालाहरूको आम सहमति विना स्थापना हुन सक्दैन। आम सहमति निर्माणमा राजनीतिक सहमति र प्रतिवद्धताको प्रत्याभूति लिनका लागि विना पूर्वाग्रह राजनैतिकदलहरूलाई गुहार्नै पर्दछ। त्यसकारण राजनीतिकदलका प्रतिनिधिहरूलाई विश्वविद्यालय स्थापनाको औचित्य प्रष्ट्याउन जिम्मेवार दलहरूका उच्च राजनीतिक व्यक्तित्वहरूसँगको परामर्श बैठक गर्ने।
- विश्वविद्यालय स्थापनाका लागि सरोकारवालाहरू (विश्वविद्यालय अनुदान आयोग, त्रिभुवन विश्वविद्यालय, त्रि.वि.का आंङ्गिक तथा संम्बन्धन प्राप्त सम्बन्धित क्याम्पसहरू, स्थानीय सरकार, नगरपालिका, चन्दादाता-जग्गादाताहरू, प्राध्यापक-कर्मचारीका प्रतिनिधिहरू, विद्यार्थी सँगठनहरूका प्रतिनिधिहरू आदि) सँग द्विपक्षीय तथा बहुपक्षीय सहयोग आदान-प्रदानका लागि विभिन्न चरणमा छलफल तथा अन्तर्क्रियाको आयोजना गर्ने।
- पृथ्वीनारायण क्याम्पस त्रि.वि.कै मातहतमा रहेर स्वायत्ततामा जानु भन्दा नयाँ नेपाल पुर्नःसंरचनाका सन्दर्भमा पृथक अस्तित्वको स्वायत्त विश्वविद्यालयका रूपमा विकास गर्न प्रस्ताव गर्ने। त्यसका लागि थप गृहकार्य गरी विधेयक मस्यौदा तथा पूर्वाधार विकासका लागि विश्वविद्यालय अनुदान आयोग मार्फत नेपाल सरकारसँग माग गर्ने।
- विश्वविद्यालय स्थापनार्थ यस अघि भएका प्रयत्नहरूलाई समेट्दै सरोकारवाला क्षेत्रका जनप्रतिनिधिहरू, राजनैतिक दलका प्रतिनिधिहरू, विश्वविद्यालय अनुदान आयोग लगायत सरकारी निकायका प्रतिनिधिहरू समेतको संलग्नतामा समावेशी प्रकृतिको पृथ्वीनारायण विश्वविद्यालय स्थापना सहयोग समिति गठन पश्चात् यसैको सचिवालय मार्फत विश्वविद्यालय घोषणाका लागि आवश्यक कार्यसंञ्चालन गर्नका लागि सचिवालय गठनको प्रकृया अगाडि बढाउने।
- हाल कार्यरत शिक्षक-कर्मचारीहरूको सेवासर्त र सुविधालाई नयाँ विश्वविद्यालयमा समायोजन गर्नेबारेमा अध्ययन गरी सुझाव दिनका लागि प्राध्यापक र कर्मचारीका प्रतिनिधिहरू सहितको सेवा समायोजन अध्ययन कार्यदल गठन गर्ने।
- नयाँ पाठ्यक्रम निर्माणका लागि वृहत गोष्ठीको आयोजना र पाठ्यपुस्तक लेखन, पाठ्यसामग्री निर्माण र सन्दर्भ सामग्री प्रकाशनका लागि प्रकाशनगृह सहितको पाठ्यक्रम विकास केन्द्रको गठन तथा सञ्चालन गर्ने।
- विश्वविद्यालयका न्यूनतम आवश्यक पूर्वाधार विकासका साथै अनुसन्धानको परम्परालाई विकास गर्नका लागि स्रोत साधन र अधिकार सम्पन्न अनुसन्धान केन्द्रको स्थापना तथा सञ्चालन गर्ने।
- नेपालमा समावेशी राज्यको पुनर्निर्माण र मुलुकको सङ्घीय पुनःसंरचना अनुरूपको प्रदेश नं. ४ र पोखरा लेखनाथ महानगरपालिकाको पूर्वाधारका रूपमा त्रि.वि.लाई हालसम्म नेपाल सरकारको लगानीमा सञ्चालन गरे जस्तै प्रान्तीय सरकारको लगानीमा छुट्टै विधेयकमार्फत पृथ्वीनारायण क्याम्पसलाई प्रान्तीय विश्वविद्यालयमा रूपान्तरण गर्न पहल गर्ने।

**निचोड**

समग्रमा, सामुहिक रूपमा अबको कार्यसूची तयार गरौं। जसमा क्याम्पस प्रशासनले आवधिक क्यालेण्डरको निर्माण र कार्यान्वयनको अभ्यास, प्राध्यापक-कर्मचारी-विद्यार्थीको वृहत शैक्षिक सम्मेलनको तयारी र राष्ट्रिय लक्ष्य निर्धारणको कार्यमा जुटौं, स्थानीय नागरिक समाजका अगुवा एवं दलका प्रतिनिधिहरूलाई विश्वविद्यालय स्थापना सम्बन्धी मस्यौदा विधेयकको अध्ययन, राय सुझाव संकलन र स्थानीय पहलमा स्रोत व्यवस्थापनको जिम्मेवारी सुम्पदै सरकार (शिक्षा मन्त्रालय, यूजिसि, त्रि.वि.)लाई विधेयक प्रस्तुति, पारित, पूर्वाधार विकास र बजेटको व्यवस्थाका लागि अनुरोध गरौं। मुलुकमा सङ्घीय संरचनाको घोषणासँगै पृथ्वीनारायण विश्वविद्यालयको स्थापना अनिवार्य छ। एक्काइसौं शताब्दीमा प्रतिस्पर्धी, रोजगारमुखी, दक्षजनशक्ति उत्पादनका लागि नेपाली विश्वविद्यालयहरूको गौरवका रूपमा र वास्तवमा असल कुरा सिक्ने र सिकाउने ठाँउका रूपमा पृथ्वीनारायण विश्वविद्यालयको स्थापनाका लागि सरोकारवाला सबैले प्रतिवद्धता जाहेर गर्नु आजको आवश्यकता हो।

(लेखक डा. पराजुली पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र विभागका प्राध्यापक हुनुहुन्छ। यो लेख पृथ्वीनारायण क्याम्पसको स्वर्णजयन्तीका अवसरमा प्रस्तुत गरिएको कार्यपत्रमा आधारित रही नेपालको नयाँ राजनैतिक र शैक्षिक परिवेशअनुसार परिमार्जित गरी तयार पारिएको हो।)

# पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयमा थेसिसको सूची अनलाइनमा हेर्न सकिने

त्रि.वि.-पृ.ना.क्या., भाद्र ४ – पृथ्वीनारायण क्याम्पसअन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयमा क्याम्पसका विभिन्न विभागहरूका विद्यार्थीहरूद्वारा गरिएका सम्पूर्ण विषयका थेसिसको सूची अनलाईनमार्फत हेर्न सकिने बनाईएको छ ।

पुस्तकालयका प्रमुख किशोर सुवेदीका अनुसार, गत साल Koho Library Software पुस्तकालयमा जडान गरेपछि मात्र यो कार्य सम्भव भएको हो । यसको डाटा एन्ट्री गराउने काम हालसालै सकिएको छ ।

“यसैगरी पुस्तकालयमा भएका सम्पूर्ण पुस्तक तथा जर्नलहरू (करिब एक लाख) आगामी सालसम्म एन्ट्री गराई अनलाइन सेवा दिइनेछ,” लाइब्रेरी प्रमुख सुवेदीले भन्नुभयो । “पुस्तक र जर्नलको डाटा एन्ट्री गराउनका लागि टेण्डर प्रक्रियाद्वारा कम्पनीको छनोट गरी जिम्मा दिइने तथा करिब एक वर्षभित्र सो कार्य पूरा हुनेछ,” वहाँले थप्नुभयो ।

स्मरण रहोस्, पुस्तकालयले JSTOR लगायत Project Muse, Oxford Academia र अन्य ई-साधन सेवा र आँखा नदेख्ने विद्यार्थीहरूलाई पनि वेब मा आधारित सेवाहरू उपलब्ध गराउदै आएको छ ।

लाइब्रेरी सूत्रका अनुसार, पुस्तकालयमा छिट्टै नै CCTV जडान गरिने भएको छ ।

त्यसैगरी पुस्तकालयको अनलाईन सेवामध्ये पुस्तकालयका प्रयोगकर्ताहरूलाई दुर्लभ केही ई-पुस्तकहरूसमेत उपलब्ध गराउँदै आएको छ । वास्तवमा कैयन् ई-पुस्तकहरू खरीद गरेर पढ्नु पर्ने हुन्छ । यो सेवाका बारेमा समय-समयमा क्याम्पसको सूचना बोर्डमार्फत क्याम्पसका प्राध्यापक तथा विद्यार्थीहरूलाई सूचित गर्दै आएको जानकारी पुस्तकालय सूत्रबाट दिइएको छ ।

पुस्तकालयले लाइब्रेरी सफ्टवेयरबारेमा आफ्ना कर्मचारीहरूलाई समय-समयमा तालिमसमेत दिदै आएको छ ।

# त्रि.वि. कर्मचारी संघ निर्वाचन सम्पन्न

त्रि.वि.-पृ.ना.क्या., भाद्र ६ - त्रि.वि. कर्मचारी संघ, पृथ्वीनारायण क्याम्पस एकाइको निर्वाचन मिति २०७४ श्रावण ११ गते सम्पन्न भई नयाँ कार्यसमिति गठन भएको छ ।

नयाँ कार्यसमितिको पदस्थापन भाद्र २ गते भई काम थालनी गरेको जानकारी नवनिर्वाचित सभापति नवराज बास्तोलाले दिनुभयो । यसको कार्यकाल ३ वर्षको हुनेछ ।

नयाँ कार्यसमितिका लागि नवनिर्वाचित पदाधिकारीहरू को नामावली यसप्रकार रहेको छ -

| | |
|---|---|
| १) नवराज बास्तोला | - सभापति |
| २) बलराम पहारी | - उप-सभापति |
| ३) ज्ञानबहादुर गुरुङ | - कोषाध्यक्ष |
| ४) धनबहादुर गुरुङ | - सचिव |
| ५) सीता नेपाली | - उप-सचिव |
| ६) ओमलाल जलारी | - सदस्य |
| ७) युवराज बास्तोला | - सदस्य |
| ८) डिल्लीराम पौडेल | - सदस्य |
| ९) भोलानाथ पौडेल | - सदस्य |
| १०) शान्तिदेवी पाठक | - सदस्य |
| ११) शालिकराम पौडेल | - सदस्य |

# अध्यापन अभ्यासबारे विद्यालयका प्रधानाध्यापकहरूसँग अन्तर्क्रिया

त्रि.वि.-पृ.ना.क्या., साउन १२ – अध्यापन अभ्यास विभाग, पृथ्वीनारायण क्याम्पस, पोखराद्वारा शिक्षाशास्त्र संकायअन्तर्गत अनिवार्य रूपमा गराइने शिक्षण अभ्यास कार्यक्रमलाई व्यवस्थित, उद्देश्यमूलक र प्रभावकारी बनाउनेबारे सहयोगी विद्यालयका प्रधानाध्यापकहरूसँग एक अन्तर्क्रिया कार्यक्रमको आयोजना हालै सम्पन्न भएको छ । कार्यक्रममा कास्की जिल्ला शिक्षा अधिकारी नन्दलाल पौडेलको विशेष उपस्थिति रहेको थियो ।

अध्यापन अभ्यास विभागका प्रमुख यादवराज अधिकारी को अध्यक्ष्यतामा कार्यक्रम सम्पन्न भएको थियो भने कार्यक्रमका प्रमुख अतिथि नि. क्याम्पस प्रमुख प्राध्यापक विश्वराज अधिकारीले ब्यानरमा हस्ताक्षर गरी सो कार्यक्रमको उद्घाटन गरिएको थियो ।

कार्यक्रममा सहयोगी विद्यालयका प्रधानाध्यापकहरूले सकारात्मक सुझावहरू दिनका साथै शिक्षण अभ्यासलाई प्रभावकारी बनाउनु पर्ने धारणा राख्नु भएको थियो । यसका लागि आ-आफ्नो ठाउँबाट रचनात्मक र सकारात्मक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा ३५ वटा सहयोगी विद्यालयका प्रधानाध्यापकहरूको उपस्थिति रहेको थियो ।

साथै प्रमुख अतिथिको आसनबाट बोल्दै नि. क्याम्पस प्रमुख प्रा. अधिकारीले पृथ्वीनारायण क्याम्पसले पश्चिमाञ्चल क्षेत्रको शैक्षिक विकासमा अग्रणी भूमिका खेल्ने विचार व्यक्त गर्नुभयो । त्यस्तै मन्तव्य दिनुहुनेहरूमा विशेष अतिथि जि.शि.अ. पौडेल, सहायक क्याम्पस प्रमुख प्रा. दीपकचन्द्र बाग्ले पनि हुनुहुन्थ्यो ।

सो अवसरमा अध्यापन अभ्यास विभागका प्रमुख अधिकारीले यही साउन १८ गतेदेखि एम.एड. तहको शिक्षण अभ्यास कार्यक्रम सुरु हुने जानकारी समेत दिनुभएको थियो ।

कार्यक्रमको सञ्चालन उप-प्राध्यापक कृष्णप्रसाद त्रिपाठीले गर्नुभएको थियो ।

# BBA Students Organized Blood Donation Camp

TU-PNC, 5 April 2017 – In association with the Nepal Red Cross Society Kaski, on 21 January 2017, the students of BBA final semester organized a blood donation camp within the campus premises. Both faculty and students of BBA program donated a total of 44 unit blood during the event.

The blood donation camp was chaired by Pradip Poudel and coordinated by Manoj Sapkota. It was inaugurated by Assistant Campus Chief of Management and the Chief Guest of the camp Bir Bahadur Karki by handing over the blood bag to the first blood donator Ramchandra Tripathi.

Speaking about the role of the youths towards the nation building tasks, Chief Guest Karki told that this was part of our students' initiative to increase awareness about the importance of blood donation. “Blood donation is one of the most significant contributions that a person can make towards the society,” he further said.

Similarly, then Assistant Campus Chief Bishwo Raj Adhikari, a Professor of English, said that the students donated blood because they believe in supporting the importance of participation in social initiatives.

The welcome speech was delivered by Manoj Sapkota who was the Coordinator of the program and the program was run by Ramchandra Tripathi.

The event was also participated by the faculty members, students and administrative staff of the campus.

The Chief Guest Karki also distributed the certificates of appreciation to blood donators and volunteers of the camp.

While concluding the camp, Pradip Poudel, the Chairperson, thanked the blood donators, staff of Nepal Red Cross Society Kaski, volunteers and guests for making the camp a grand success.

# त्रिभुवन विश्वविद्यालयबाट अवकाश प्राप्त गर्ने र दीर्घसेवा सम्मान प्राप्त गर्ने पृथ्वीनारायण क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरू

त्रि.वि.-पृ.ना.क्या., भाद्र ५ – त्रिभुवन विश्वविद्यालयबाट २०७३ भाद्र १८ देखि २०७४ भाद्र १७ सम्म अवकाश प्राप्त गर्ने र २५ वर्षे दीर्घसेवा सम्मान प्राप्त गर्ने प्राध्यापक तथा कर्मचारीहरूको नामावली यसप्रकार रहेको छ -

| अवकाश प्राप्त गर्ने प्राध्यापकहरूको नामावली | | | | |
|---|---|---|---|---|
| क्र.सं. | पद | नाम | सेवाअवधि | अवकाशको कारण |
| १ | प्राध्यापक | सुरेन्द्रबहादुर भारीजु | २०३५/१०/१२ - २०७३/०८/१२ | राजीनामा |
| २. | सहप्राध्यापक | प्रकाशमान गुभाजू | २०३५/०५/०४ - २०७४/०४/०३ | अनिवार्य अवकाश |
| ३ | सहप्राध्यापक | रामगोपाल ढेवाजू | २०३८/०३/०१ - २०७४/०४/०१ | अनिवार्य अवकाश |
| ४ | उपप्राध्यापक | टंकप्रसाद पौडेल | २०४७/०९/२५ - २०७३/०९/१२ | अनिवार्य अवकाश |
| ५ | उपप्राध्यापक | देवराज चालिसे | २०५७/०९/०९ - २०७४/०१/०७ | राजीनामा |
| ६ | सहप्राध्यापक | विष्णुप्रसाद पराजुली | २०३९/१०/२७ - २०७३/११/०५ | अनिवार्य अवकाश |
| ७ | उपप्राध्यापक | धनपति सुवेदी | २०४३/०४/३१ - २०७३/०६/२६ | अनिवार्य अवकाश |
| ८ | सहप्राध्यापक | टेकबहादुर गुरुङ | २०३५/०५/०८ - २०७४/०५/०५ | अनिवार्य अवकाश |

| अवकाश प्राप्त गर्ने कर्मचारीहरूको नामावली | | | | |
|---|---|---|---|---|
| क्र.सं. | पद | नाम | सेवाअवधि | अवकाशको कारण |
| १ | प्रा.स. प्रयोगशाला | काशिनाथ अधिकारी | २०३३/१०/१५ - २०७३/०७ मसान्त | राजीनामा |
| २. | वरिष्ठ ल्याब अधिकृत | अमरबहादुर थापा | २०३४/०५/२७ - २०७३/०७/०३ | अनिवार्य अवकाश |
| ३ | ल्याब अधिकृत | प्रेमबहादुर केसी | २०३४/०५/०२ - २०७४/०१/९ | अनिवार्य अवकाश |
| ४ | दक्ष कुचिकार | तीर्थमाया जलारी | २०३०/०७/१५ - २०७३/०७/२१ | राजीनामा |
| ५ | शाखा अधिकृत | हरिशंकर शाह | २०३५/०६/०६ - २०७४/०२/३१ | राजीनामा |
| ६ | शाखा अधिकृत | धर्मबहादुर उदास | २०३५/०६/०६ - २०७४/०४/१० | अनिवार्य अवकाश |
| ७ | शाखा अधिकृत | राधादेवी कार्की | २०३१/०६/०२ - २०७३/०९/२७ | अनिवार्य अवकाश |
| ८ | कार्यालय सहयोगी | निलकुमारी गुरुङ | २०४६/०४/१५ - २०७३/०६/३१ | राजीनामा |
| ९ | उपप्रशासक | माधवप्रसाद ताम्राकार | २०३०/१२/१५ - २०७३/११/१७ | अनिवार्य अवकाश |

| २५ वर्षे दीर्घसेवा सम्मान प्राप्त गर्ने प्राध्यापकहरूको नामावली | | | | |
|---|---|---|---|---|
| क्र.सं. | पद | नाम | विषय | नियुक्ति मिति |
| १ | सहप्राध्यापक | गोविन्दमणि भण्डारी | भूगोल | २०४८/०४/०२ |
| २. | सहप्राध्यापक | इन्द्रप्रसाद शर्मा | व्यवस्थापन | २०४९/०४/०१ |
| ३ | प्राध्यापक | डा.पुष्पराज शर्मा | व्यवस्थापन | २०४९/०४/०१ |
| ४ | सहप्राध्यापक | डा.नरहरि उपाध्याय गौतम | नेपाली शिक्षा | २०४९/०४/०१ |
| ५ | सहप्राध्यापक | गोविन्दप्रसाद शर्मा | भूगोल | २०४९/०४/०१ |
| ६ | सहप्राध्यापक | नरेन्द्रनारायण झा | गणित शिक्षा | २०४९/०४/२५ |
| ७ | सहप्राध्यापक | शैलेन्द्रकुमार मल्लिक | गणित शिक्षा | २०४९/०५/१४ |

# Project Work Related Orientation at IOST

TU-PNC, 21 Aug. 2017 – An orientation program was organized at the Institute of Science & Technology, PNC, to discuss on the project works to be undertaken by the 4th year science students. The program was conducted under the chairmanship of Assistant Campus Chief Nanda Lal Adhikari.

Prof. Dr. AD Mishra presented a paper on “Basic Components of Proposal Writing”, Prof. Dr. Vikas Kumar KC on “Data Collection and Analysis” and Dr. Kapil Adhikari on “Referencing and Citations”

The 4th year science students of all subjects: chemistry, physics, zoology & botany, microbiology, and math & stat attended the presentations.

## बी.बी.ए. कार्यक्रममा अभिमुखीकरण

त्रि.वि.-पृ.ना.क्या., फागुन ३ – व्यवस्थापन संकायअन्तर्गत बी.बी.ए. कार्यक्रममा भर्ना भएका २०७३ सत्रका नयाँ विद्यार्थीहरूका लागि मिति २०७३ कार्तिक २४ गतेका दिन अभिमुखीकरण कार्यक्रमको आयोजना गरियो ।

सो अवसरमा क्याम्पस प्रशासनका तर्फबाट सहायक क्याम्पस प्रमुख वीरबहादुर कार्की र बी.बी.ए. कार्यक्रम निर्देशक ध्रुबकुमार बुढाथोकीले स्वागत गर्नुभयो ।

सहायक क्याम्पस प्रमुख कार्कीले बी.बी.ए. कार्यक्रमको पाठ्यक्रमबारेमा बोल्नुभएको थियो । सेमेस्टर प्रणालीमा पठनपाठन गर्ने विविध पद्धतिका बारेमा संक्षिप्त जानकारी दिनुभयो । साथै परीक्षाप्रणाली र मूल्यांकनका बारेमा पनि बोल्नुभएको थियो ।

सोही कार्यक्रममा बी.बी.ए. कार्यक्रम निर्देशक बुढाथोकीले विद्यार्थीहरूले पालना गर्नुपर्ने अनुशासन, आचारसंहिता, क्याम्पसको नीतिनियम, विद्यार्थीको पोशाक इत्यादिका बारेमा बोल्नुभएको थियो ।

बी.बी.ए. कार्यक्रमको नयाँ सत्रको पठनपाठन २०७३ कार्तिक २७ गतेबाट शुरु भएको थियो ।

# Faculty Orientation for the M.Sc. Physics Program Organized

TU-PNC, 17 Jan. 2017 – The five-day “Faculty Orientation Program” was organized at Prithvi Narayan Campus on 2-6 May, 2016. The focus of the program was to orient the faculty members of physics about the master’s degree courses of 3rd and 4th semesters in physics.

The program was organized by Dean’s Office, Institute of Science & Technology, Tribhuvan University, in association with Central Department of Physics, Kirtipur and Department of Physics, Prithvi Narayan Campus.

There were about 60 participants from different campuses across the country from Biratnagar to Mahendranagar with eight resource professors. A fruitful discussion took place that focused on the theory and practical courses.

The program was inaugurated by Prof Dr. Debendra Bahadur Lamichhane, then Campus Chief of Prithvi Narayan Campus and chaired by Nanda Lal Adhikari, Assistant Campus Chief of the Institute of Science & Technology, PNC.

The welcome speech was delivered by Kul Prasad Dahal, Head, Dept of Physics of Prithvi Narayan Campus and the program was run by Surya G C, then M.Sc. Program Coordinator.

Prof. Dr. Binil Aryal, Head, Central Department of Physics, TU, Kirtipur highlighted the necessity and importance of the program. The heads and coordinators from various campuses were also present at the program.

# पृथ्वीनारायण क्याम्पसमा ऐतिहासिक विज्ञान प्रर्दशनी सम्पन्न

त्रि.वि.-पृ.ना.क्या., पुस ३ – पृथ्वीनारायण क्याम्पसअन्तर्गत Awareness Group of Technical Science (AGTS) र विज्ञान तथा प्रविधि अध्ययन संस्थानको संयुक्त आयोजनामा दुईदिने "विज्ञान प्रदर्शनी-२०७३" कार्यक्रमको एक भव्य समारोह का बीच AGTS का सभापति सुमित लामिछानेको अध्यक्ष्यतामा सम्पन्न भयो ।

विशिष्ट अतिथिका रूपमा पृथ्वीनारायण क्याम्पसका तत्कालीन प्रमुख प्रा.डा. देवेन्द्रबहादुर लामिछाने, विशेष अतिथि कास्की जिल्ला शिक्षा अधिकारी शंकर गौतम, वी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरीका कार्यकारी निर्देशक डा. शोभाकान्त लामिछाने र संरक्षकका रूपमा पृथ्वीनारायण क्याम्पसअन्तर्गत विज्ञान तथा प्रविधि अध्ययन संस्थानका सहायक क्याम्पस प्रमुख नन्दलाल अधिकारीको आतिथ्यमा कार्यक्रम सुरु गरिएको थियो ।

सो प्रर्दशनीको समुद्घाटन नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्रा.डा.जीवराज पोखरेलद्वारा सम्पन्न भयो । सोही क्रममा वहाँले यस्तो खालको कार्यक्रमलाई निरन्तर रूपमा सधैं साथ र सहयोग रहनाका साथै NAST को शाखा पोखरामा पनि खोलिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

पृथ्वीनारायण क्याम्पसका तत्कालीन क्याम्पस प्रमुख लामिछानेले प्रर्दशनीको सफलताका लागि शुभकामना व्यक्त गर्दै भन्नुभयो - "देश विकासका लागि विज्ञानका क्षेत्रमा यस्ता खालका कार्यक्रमहरू अपरिहार्य हुने बताउनुभयो ।"

सोही समारोहमा प्रर्दशनी कार्यक्रमका संयोजक विनोदप्रसाद पराजुलीले सबैको साथ र सहयोग पाए छिट्टै नै राष्ट्रिय स्तरको विज्ञान प्रदर्शनी गर्ने र आउँदो दिनहरूमा यस्ता किसिमका कार्यक्रमले देशमा विकासको ढोका खोल्ने विचार व्यक्त गर्नुभयो ।

प्रदर्शनीमा कास्की जिल्लाका २० भन्दा बढी उत्कृष्ट माध्यमिक विद्यालयहरू, विश्वविद्यालयहरू र विज्ञान तथा प्रविधि संस्थानमा अध्ययनरत वी.एससी र एम.एससीका विद्यार्थीहरूको उत्कृष्ट आविष्कारहरू प्रदर्शनीमा राखिएका थिए । साथै स्थानीय सामग्रीले पनि स्थान पाएका थिए ।

स्रोतका अनुसार प्रदर्शनी पुस ३ र ४ गते गरी २ दिनसम्म पृथ्वीनारायण क्याम्पस प्राङ्गणमा भएको थियो र प्रदर्शनीको उद्देश्य देशविकासका लागि विज्ञान तथा प्रविधि रहेको थियो ।

प्रर्दशनीको समुद्घाटन समारोहको कार्यक्रम सञ्चालन उमेश सारू थापा र अनुपा तिवारी गर्नुभएको थियो ।

# Dr. Bishnu Raj Upreti: Social science researchers embrace the idea of multiple realities in research

TU-PNC, 27 Nov. 2016 – The Department of Education organized a discussion program on "Current Issues in Social Science Research in Relation to Educational Research" on 27 Nov. 2016. The program was chaired by the Dept Head Khim Raj Subedi and attended by the Evening Master's Program Coordinator Chola Kanta Ojha.

Dr. Bishnu Raj Upreti who is the Research Director at Nepal Center for Contemporary Research in Kathmandu was the main discussant at the program.

Speaking at the program, Dr. Upreti said that social science researchers embrace the idea of multiple realities in research. "And sociological perspective vies society as a product created by humans that can be changed by them as well," he further said. He also thanked the department for inviting him for discussion.

At the same program, Coordinator Ojha spoke about the situation of research at the universities in Nepal, saying "the state of research activities at the universities in Nepal is very poor and there is lack of coordination among planning organizations that may lead to unsuccessful policy and research activities".

Speaking at the closing ceremony, the Dept Head Khim Raj Subedi said that research and teaching should go hand-in-hand. He further said that for both faculty and students "conducting research is the foundation of higher education". He suggested his faculty to take initiative in research works and take advantage of them.

The program was attended by the faculty of the department as audience.

## B.Sc. CSIT दोस्रो ब्याचका लागि नयाँ भर्ना कार्यक्रम सुरु

त्रि.वि.-पृ.ना.क्या., भाद्र ८ - विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत B.Sc. CSIT कार्यक्रमको दोस्रो ब्याच (२०७४) का लागि नयाँ भर्ना कार्यक्रम सुरु भएको छ ।

आवेदन फाराम भर्ने अन्तिम मिति २०७४ भदौ १४ गतेसम्म र प्रवेशपरीक्षा २०७४ भदौ २४ गते तोकिएको छ ।

यो सेमेष्टर प्रणालीको कार्यक्रम हो र यो कार्यक्रम गत सालदेखि सञ्चालनमा आएको छ ।

**Mailing Address:**
Tribhuvan University
Prithvi Narayan Campus
Bagar, Pokhara
NEPAL

**Contact at:**
Phone: +977-61-526837
Email: info@pncampus.edu.np
Website: www.pncampus.edu.np

STAMP

To:

Published by QAA/EMIS Unit, Tribhuvan University, Prithvi Narayan Campus, Pokhara; Edited by Dr. Min Pun; Printed at Rosey Printing House, Pokhara